# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय

# काठमाडौं

***Serving the Nation***

***and***

***the People***

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या : २०७६/७७ मिति : २०७६/०३/२७
च.नं : ७७७

श्री मण्डनदेउपुर नगरपालिका,
काभ्रेपलाञ्चोक ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण एने, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औँल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बाग्मती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या: ०७६।७७ च.नं.९५३ मितिः २०७७/०३/२५

श्री प्रमुखज्यू,
मण्डनदेउपुर नगरपालिका,
काभ्रेपलाञ्चोक ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय :** हामीले मण्डनदेउपुर नगरपालिकाको आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.२ करोड १४ लाख२४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१९ लाख १४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.६८ लाख १९ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २५ लाख ७० हजार र पेश्की बाँकी रु.१ लाख २१ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७६।१०।५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पृष्ठ २१ (एक्काईस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, गाउँ प्रमूख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **परिचय :** नेपालको संविधानमा राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने उल्लेख भए तथा स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नु, स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्य सहित २०७३ फाल्गुण २७, २०७४ जेठ ११ र जेठ १८ को नेपाल राजपत्रको सूचना अनुसार स्थापना भएको यो नगर कार्यपालिका प्रदेश नम्बर ३ काभ्रेपलाञ्चोक जिल्लाको महादेवस्थानमा रहेको छ । | |
| १. | **स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालीकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ । | |

| सि. नं. | आय तर्फ | | | सि. नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १. | **गत वर्षको जिम्मेवारी** | | ९०९८८७२९ | १ | **आन्तरिक चालु खर्च** | ६९४४३५६५.७ | २८९६६१४३७ |
| | क)नगद | ० | | | क) शर्शत चालु खर्च | १६१०९९०३९ | |
| | ख)बैंक | ९०९८८७२९ | | | ख) सामाजिक सुरक्षा भत्ता | ५५९१६८०० | |
| १. | **राजश्व(आन्तरिक आय)** | | २२४८१८४३७.२५ | | ग) स्वरोजगार कार्यकम | २६३५०३२ | |
| | क) आन्तरिक राजश्व | ११६०३१८०.३७ | | | घ) प्रदेश शर्शत चालु | ५६७००० | |
| | ख) संघ राजश्व बाडफाड | ५५३७७७०७.६३ | | २ | **पूजिगत खर्च** | | १९२३५३५११ |
| | ग) प्रदेश राजश्व बाडफाँड | १६१०२४३७.२६ | | | क) आन्तरिक पूजिगत खर्च | १६३५८२४३६ | |
| | घ) जिल्ला राजश्व बाडफाँड | १४००७२१९.३ | | | ख) पुर्वाधार विकास | ३७२५५८८ | |
| | ङ) खानी रोयल्टी | ७०७२३९१५.०० | | | ग) सडक वोर्ड | ० | |
| | च) पर्यटन सेवा सुल्क | ९४०८२५०.०० | | | घ) प्रदेश शर्शत पुजिगत | २५०४५४८७ | |
| | छ) यातायात क्षेत्रको आम्दानी | ४०८३०६८४.२३ | | | राजश्व वढि जम्मा फिर्ता | १७३४७२६ | १७३४७२६ |
| | ज) अन्य आय | ६७६५०४३.४६ | | | धरौटी फिर्ता | ४२४२८५०.०० | ४२४२८५०.०० |
| २. | **वित्तिय हस्तान्तरण** | | २८२००५००० | ३ | **कोष फिर्ता** | | ६५४८०६१७ |
| | क) वित्तिय समानीकरण अनुदान | १०३२००००० | | | शर्शतवाट आएको रकम फिर्ता | ३६१६२५१३ | |
| | ख) सर्शत अनुदान | १७८८०५००० | | | ढुंगागिट्टी वापतको प्रदेश फिर्ता | २७६०३८७४ | |
| | प्रदेश सरकारवाट प्राप्त अनुदान | | ५७८५६००० | | अमानतवाट उठाएको भ्याट दाखिला | १७१४२३० | |
| | क)वित्तिय समानीकरण अनुदान | ७९७२००० | | | मर्मत सम्भार कोष | १९०५२३८ | १९०५२३८ |
| | ख)सर्शत अनुदान | ३९८९०००० | | | विपद् व्यवस्थापन कोष | ७५११११ | ७५११११ |
| | ग)समपुरक अनुदान | ९९९४००० | | ४ | **मौज्दात** | | १८१८६५७७७ |
| ३. | **विभिन्न कोषतर्फको आय** | | ६५२०३००० | | क) नगद मौज्दात | ० | |
| | क)सामाजिक सुरक्षा भत्ता | ५७२८१००० | | | ख) बैंक मौज्दात | ० | |
| | ख)स्वरोजगार कार्यक्रम | ३४२२००० | | | ग) संचितकोष खाता | १६६०६३९५५ | |
| | ग)पुर्वाधार विकास कोष | ४५००००० | | | घ) सञ्चालन खर्च खाता | ०.०० | |
| ४. | **सडक वोर्ड वाट प्राप्त रकम** | | २४१५७७१ | | ङ) पुजिगत खर्च खाता | ०.०० | |
| ५. | **सहकारी वापत प्राप्त रकम** | | २००००० | | च) धरौटी खाता | २५३४५५०.९८ | |
| ६. | **प्रदेश सरकारवाट प्राप्त सहायता** | | १६२००० | | छ) मर्मत सम्भार कोष | ८०१४६९१.२० | |
| ७. | **वैकल्पीक उर्जा वाट प्राप्त रकम** | | १३६७८८० | | ज) विपद् व्यवस्थापन कोष | २२३८८८९ | |
| ८. | **धरौटी आय** | | ५८८४०९७.१५ | | झ) छात्रवृत्ति अक्षय कोष | ५००००० | |
| ९. | **अन्य विविध आय** | | १०२१२३३ | | झ) जनता वैंक नेपाल लि.चालु राजश्व | २२४३९८१ | |
| १०. | **मर्मत सम्भार कोष** | | ४८०३४१० | | ञ) जनता वैंक नेपाल लि.चालु संस्थागत | ३९६० | |
| ११. | **विपद् व्यवस्थापन कोष** | | १०००००० | | ट) जनता वैंक नेपाल लि.चालु संस्थागत | २४७७५० | |
| | **विभिन्न खाताको मौज्दात** | | २६९७१० | | ठ) जनता वैंक नेपाल लि.चालु संस्थागत | १८००० | |
| | **जम्मा** | | ७३७९९५२६७.४० | | **जम्मा** | | ७३७९९५२६७.४० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १.१. | **बैंक हिसाब -** कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्षको बर्षान्तमा श्रेस्ता अनुसार मौज्दात रु.१८ करोड १८ लाख ६५ हजार देखिएकोमा बैंक विवरण अनसार रु.१८ करोड २० लाख ७ हजार मौज्दात देखिएको छ । फरक सम्बन्धमा छानबिन गरी एकिन हुनुपर्दछ । | |
| २. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । ऐनको व्यवस्था वमोजिम अख्तियारी दिई वजेट तथा कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ । | |
| ३. | **बजेट पेश तथा पारित गर्ने :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको तेस्रो नगर सभाले २०७५ असार १० गते रु.६५ करोड ७९ लाख ७ हजारको वजेट, नीति तथा कार्यक्रम पारित गरेकोमा चौथो सभाबाट कुल बजेटको सिमा भित्र रही केही कार्यक्रम र कार्यक्रमगत बजेट संसोधन गरेको छ । ऐनको व्यवस्था वमोजिम योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरणमा छनौट भएका कार्यक्रम तथा योजनाको विस्तृत विवरण पेस गरी बजेट पारित गर्नुपर्नेमा कतिपय योजना सम्बन्धमा विस्तृत विवरण पेश नगरी क्षेत्रगत योजना मात्र पेश गरेको पाइयो । अतः स्थानीय तह संचालन ऐन, २०७४ वमोजिम योजना तथा कार्यक्रमगत रुपमानै सभामा छलफल गरी वजेट, नीति तथा कार्यक्रम पारित गरी कार्यान्वयन गर्नु पर्दछ । | |
| ४. | **संगठन तथा जनशक्ति :** नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार ३० कर्मचारीको दरबन्दी रहेकोमा ५ जना मात्र पदपूर्ति भएको पाइयो । दरबन्दी अनुसार पदपूर्ति नभएकोले सेवा प्रवाहमा असर गरेको अवस्था देखिन्छ । तसर्थ पदपूर्ति तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ४.१. | **सेवा करार** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ ।<br>नगरपालिका प्रमुख प्रशासकिय अधिकृत समेत ३० जनाको दरबन्दी रहेकोमा यसवर्ष ५ स्थायी र अन्य कर्मचारी करारमा कार्यरत रहेको पाइयो । कर्मचारीलाई व्यक्तिगत करार गरी कार्य गराएको पाइयो । कर्मचारी भर्ना गर्दा तोकिएको दरबन्दीमा स्थायी पदपुर्ति भै नआएसम्म स्थानीय सरकार संचालन ऐन, २०७४ स्थानीय सेवा संचालन सम्बन्धि आदेश २०७४ (०७४।२।१७ को) र मन्त्रीपरिषदले स्वीकृत गरेको दरबन्दी तेरिज समेतलाई मध्यनजर गरी सार्वजनिक सूचना जारी गर्दा अधिक प्रतिस्पर्धा हुने व्यवस्था मिलाउनु पर्ने र स्थायी बाहेक अन्यलाई भर्ना नगरी नहुने अवस्थामा सेवा करार बाट गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । | |
| ५. | **कानुन निर्माण :** स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्ने तथा न्यायिक कार्य सम्पादन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले ऐन, नियम, निर्देशिका र कार्यविधि समेत ४२ वटा कानुन निर्माण गरेको विवरण पेश गरेको छ । तर न्यायिक कार्य फछ्र्यौट सम्बन्धी विवरण पेश नभएकोले विश्लेषण गर्न सकिएन । | |
| ६. | **आन्तरीक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन । जसवाट कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरीक नियन्त्रण सम्वन्धि अन्य व्यहोराहरु देहाय बमोजिम उल्लेख छ ।<br>• प्रत्येक कर्मचारीका पदको कार्यविवरण वनाई लागू नगरेको । (निजामति सेवा ऐन, २०४९ को दफा ५)<br>• उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान, निराकरण नगरेको<br>• भुक्तानी भएका सबै विल भरपाईहरुमा भुक्तानी जनाउने छाप नलगाएको<br>• जिन्सी निरीक्षण प्रतिवेदन वमोजिम मर्मत तथा लिलाम गर्नु पर्ने भनी उल्लेख भएकोमा सो को कार्यान्वयन नभएको<br>• प्राविधिक जाँचपास, कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजातहरुमा स्वीकृत मितिहरु उल्लेख गर्ने नगरेको,<br>• कन्टेन्जेन्सी बापत रकम कट्टी गर्दा अधिकतम अर्थात ४ प्रतिशत सबै योजनाको कट्टी गर्ने गरेको, | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ● खर्चका बिल भर्पाईहरुको तेरीज बनाउने नगरेको ,<br>● कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको (आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९०.१ अनुसुची १४),<br>● केही योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदन मा स्वीकृत गरेको मिति उल्लेख नगरेको,<br>● भ्रमण अभिलेख खाता नराखेको (भ्रमण खर्च नियमावली २०६४ को दफा २१)<br>● कन्टिन्जेन्सी खाता अद्यावधिक गरी राख्ने नगरेको,<br>● सवारी लगबुक राख्ने नगरेको,<br>● यातायात खर्च भुक्तानी गर्दा स्पष्ट मापदण्ड र दररेट निर्धारण नगरेको,<br>● सामान खरिद गर्दा तयार गरिने लागत अनुमानको आधार संलग्न गर्ने नगरेको ,<br>● नागरिकता, घरबाटो, नाता प्रमाणित, पञ्जीकरण दर्ताको सिफारिसको लगत अद्यावधिक नगरेको ।<br>● स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्नेमा नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख कायम भएका नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यस नगरपालिका अर्न्तगत गाभिएका साविक गाउँविकास समितिहरुको हस्तान्तरण हुनु पर्ने सम्पूर्ण सम्पत्तिको अभिलेख जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।<br>● मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिहरुको वेरुजुको अभिलेख व्यवस्थित गरेको देखिएन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिका प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाउँलिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उक्त विद्युतिय लेखा सञ्चालन गरेको छैन । ऐनको व्यवस्था बमोजिम विद्युतिय लेखा उपयोगमा ल्याउनुपर्दछ ।<br>● स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।<br>● अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले मध्यकालिन खर्च संरचना तयार गरेको देखिएन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११० मा सदस्यले पद धारण गरेको र | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो परिवारको सदस्यको नाममा रहेको चल अचल सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण सम्वन्धित स्थानीय तहमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कानूनी व्यवस्था अनुसार सम्पत्ति विवरण पेश गरेको देखिएन । आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययिता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ । | |
| ७. | **आन्तरिक लेखापरीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका कैफियत अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको संगठनात्मक तालिकामा आन्तरिक लेखा परीक्षण शाखाको व्यवस्था भई पाँचौ तहको १ लेखापरीक्षकको दरबन्दी भएता पनि पदपूर्ति भएको छैन । आन्तरिक लेखापरीक्षण शाखामा पदपूर्ति नभएको अवस्थामा प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय वा जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय वा स्थानीय तहले नियुक्त गरेको लेखापरीक्षकबाट आन्तरिक लेखा परीक्षण गराउनु पर्नेमा यस बर्ष कार्यालयले चैत्र सम्मको आन्तरिक लेखापरीक्षण गराएको जनाएता पनि सो को प्रातिवेदन प्राप्त भएन साथै तत् पश्चात अवधिको आन्तरिक लेखापरीक्षण गराएको पाइएन । | |
| ८. | **योजना छनौट र संचालन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । नगरपालिकाको विनियोजन ऐन बमोजिम स्वीकृत भएका योजनाहरुको नमुना छनौट गरी परिक्षण गर्दा १३ वटा योजना ५० हजार देखि १ लाख सम्मका, ५६ योजनाहरु १ लाख देखि ३ लाख सम्मका, २५ वटा योजना ३ लाख देखि ५ लाख सम्मका र ५८ वटा पाँच लाख भन्दा माथिको रहेको देखियो । तसर्थ नगरपालिकाले छनौट गरेको योजना मध्ये अधिकाश योजना कम लागतका रहेको देखिएको छ । नगरपालिकाले साना तथा टुक्रे योजना सञ्चालन गरेको र मध्यम तथा दिर्घकालिन योजना न्युन रुपमा छनौट गरेकोले ऐनको दफा २४ अनुसार प्राथमिकिकरण गरेको पाईएन । नगरपालिकाले मध्यम तथा दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण गरी सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त गर्ने गरी योजना सञ्चालन हुनु पर्दछ । | |
| ९. | **सम्भाव्यतता अध्ययन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२(१) मा पन्ध्र लाख रुपैयाभन्दा बढी लागत पर्ने विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट सञ्चालित अधिकांश योजनाको सम्भाव्यता अध्ययन भएको देखिएन । सर्वेक्षण र सम्भाव्यता अध्ययनको अभावमा कार्यस्थलको वास्तविक अवस्था स्पष्ट नहुने, कार्यको परिमाण अनिश्चित हुने, हुन सक्ने हुँदा विस्तृत सम्भाव्यता अध्ययन गरेर मात्र योजना सञ्चालनगर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १०. | **समन्वय :** योजना संचालन गर्दा संघिय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट संचालित योजना र नगरपालिकाबाट संचालित योजना बिच दोहोरोपना हुन नदिन आवश्यक समन्वय, सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । | |
| ११. | **पूंजीगत शिर्षकवाट चालु प्रकृतीका खर्च** - नगरपालिकाले बजेट पारित गर्दा चालू र पूंजीगत शिर्षकमा छुट्याई गाउंसभाबाट २०७५/३/१० मा नीति तथा कार्यक्रम पारित गरेको छ । कार्यालयले पूंजीगत शिर्षकको कार्यक्रम कार्यान्वयन गरेकोमा नमुना छनौट गरी विश्लेषण गर्दा सहायक पदमा कार्यरत कर्मचारीहरुको तलबमा रु.१४९०१०, कर्मचारी अनुगमन मूल्याङ्कनमा रु.११३००, इन्धनमा रु.१४०००, शैक्षिक क्यालेण्डर छपाईमा रु.१०००००, भ्रमणमा रु.३१२००, साहित्य प्रतिष्ठानलाई अनुदानमा रु.२०००००, सरसफाई आयोजना रकम विद्यालयलाई निकासा रु.१४००००० खर्च गरेको देखियो । अत: बजेट वर्गिकरण एवंम व्याख्या अनुरुप खर्च भएको देखिएन । | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>१२.</td><td>लक्ष्य प्रगति : नगरपालिकाले संचालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरुको लागत अनुमान, आर्थिक वर्षभित्र सम्पन्न कामको मुल्याँकन स्थिती एवंम सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण प्राप्त नभएकोले योजनाको प्रगति सम्बन्धमा विश्लेषण गर्न सकिएन । अतः छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, संचालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, संचालन हुन नसकेका योजना र संचालन हुन नसकेका योजनाको रकम सम्बन्धी विवरण अद्यावधिक राखी योजना संचालन प्रक्रिया पारदर्शी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३.</td><td>चौमासिक खर्च : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्विकृत भएको कार्यक्रममा नियम २४ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा २५ प्रतिशत, दोश्रो चौमासिकमा ३३ प्रतिशत र तेश्रो चौमासिकमा ४२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढमा २३ प्रतिशत खर्च भई तेस्रो चौमासिक र अषाढमा खर्चको चाप बढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । निर्माण कार्यको गुणस्तर र अनुगमनमा सहजता ल्याउन चौमासिक लक्ष्य तथा कार्य विभाजन अनुरुप खर्च व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।
<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">बजेट उपशीर्षक</th><th rowspan="2">कुल खचं</th><th colspan="4">चौमासिक खचं</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>पुजिगत</td><td>१९२३५३५११</td><td>४८०८८३७८</td><td>६४११७८३७</td><td>८०१४७२९६</td><td>४५००००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१००</td><td>२५</td><td>३३</td><td>४२</td><td>२३</td></tr>
</table></td><td></td></tr>
<tr><td>१४.</td><td>नापी किताब, ठेक्का बील: यो वर्ष ठेक्का भएका विभिन्न ठेक्काको रनिंग तथा अन्तिम बिल भुक्तानी गर्दा नापी किताब, ठेक्का सम्बन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., सम्झौता नम्बर कार्य सम्पन्न हुनुपर्ने मिति,बिलको क्रम संख्या कार्य सम्पन्न मिति उल्लेख गरेको छैन । ठेक्का सम्वन्धी भुक्तानीको महत्वपूर्ण कागजातको रुपमा रहेका नापी किताब, ठेक्का सम्वन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा यस्ता विषयहरु उल्लेख नगर्दा ठेक्काको अभिलेख व्यवस्थापनमा कमजोरी रहने हुंदा नापी किताब, ठेक्का सम्वन्धी बिल तथा कार्य सम्पन्न प्रतिवेदन अद्यावधिक रुपमा राखिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१५.</td><td>नर्म्स : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ तथा नियमावली २०६४ को नियम १० अनुसार नर्म्सको आधारमा दर विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्नेमा कार्यालयले मेशिनद्धारा माटो काट्ने कार्यको लागत अनुमान तयार गर्दा सो नगरी जिल्लादर रेटमा तोकिएको दर प्रयोग गरेको छ । मेशिनद्धारा नर्म्सको प्रयोग गरी आउने दर संलग्न नरहेकोले तुलना गर्न सकिएन । तसर्थ दररेट सम्बन्धमा विश्लेषण गरी लागतमा मितव्ययीता ल्याउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६.</td><td>लागत अनुमान/खरिद योजना : सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कार्यालयमा मसलन्द तथा कार्यालय सामान सम्बन्धी वार्षिक बजेट ६४ लाख ९० हजार रहेकोमा समेत उक्त व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन । खरिद योजना वेगर पटक पटक गरी रु.५८ लाख ३२ हजारको खरिद गरेको देखियो ।</td><td></td></tr>
<tr><td>१७.</td><td>उपभोक्ता समितिको कार्यमा मु.अ.कर : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको भुक्तानी दिंदा मूल्यअभिवृद्धि कर कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । नगरपालिकाले मेशिनद्धारा काम गर्ने गरी लागत अनुमान तयार गरी माटो काट्ने काममा समेत उपभोक्तालाई मुल्य अभिवृद्धि कर समेतको रकम भुक्तानी दिएको छ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>परामर्श सेवा : सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ मा सार्वजनिक निकायले आफ्नो जनशक्तिले नभ्याउने काम मात्र परामर्श सेवा लिन सकिने व्यवस्था गरेको छ । गाउँपालिकाले देहाय अनुसार योजनाको सम्भाव्यता अध्ययन लगायतका कार्यका लागि परामर्श सेवा लिएको देखिन्छ । नियमावलीको नियम ७ मा खरिदको गुरु योजना र नियम ८ मा बार्षिक खरिद योजना स्वीकृत गराई खरिद गर्नुपर्ने व्यवस्थाहरु उल्लेख रहेका छन । कार्यालयले निम्न कार्यमा एकमुष्ट लागत अनुमान तयार गरी शिलवन्दी वोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराएर कार्य गराउनु</td><td>४६१९९२९.१६</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

पर्नेमा सो बमोजिम नगरी प्रत्येक योजनाको योजनागत छुट्टा छुट्टै लागत अनुमान स्वीकृत गरेर कार्य गराएको साथै केही योजनाको सोझै दररेट लिई कार्य गराएकोले नियमित र मितव्ययी समेत नदेखिएको रु.

| क्र.सं. | कार्यक्रमको नाम | लागत अनुमान | परामर्श खर्च रु हजारमा |
|---|---|---|---|
| १ | हिगुवापाटी गैरिविसौना नगरकोट सडक | ११३९८१८।६८ | ३९४२०२ |
| २ | हिगुवापाटी पौवा मैदान चण्डेनी रामपुर कोलाचौर सडक | ९११८५४।९४ | ३४०२९० |
| ३ | कात्तिके चुरीथुम्का सिपाघाट सडक | ९७६९८७४४ | ३३५४३० |
| ४ | फेदी चण्डेनी आँपघारी सडक | ७८१५८९।९५ | ३८०६६५.७६ |
| ६ | थामीडाँडा पर्यटकीय भ्यु टावर | ११९९४९।५० | ११९९४९.५० |
| ७ | ठुलोचौर पर्यटकीय भ्यु टावर | ११९९९४।७० | ११९९९४.७० |
| ८ | मण्डनदेउपुर नगर अस्पताल | १२०७७९९।७८ | ११६७०७५ |
| ९ | ल्याण्ड फिल्ड साइट व्यवस्थापनको लागि फोहोर अध्ययन | २४२७२८।२० | २४२७२८.२० |
| १० | वडा नं ४ खानेपानी योजना | २०९६१५ | २०९६१५ |
| ११ | वडा नं ८ खानेपानी योजना | २०९६१५ | २०९६१५ |
| १२ | इन्द्रावती नदिको नदिजन्य पदार्थ उत्खननको प्रारम्भिक वातावरणीय परिक्षण प्रतीवेदन | ३४७४०३।२९ | ३४६१७५ |
| १३ | चाखोला आँशीखोलाको नदिजन्य पदार्थ उत्खननको प्रारम्भिक वातावरणीय परिक्षण प्रतीवेदन | ३६९७६९।८७ | ३९४०३१ |
| १४ | थारखोला ढाडखोलाको नदिजन्य पदार्थ उत्खननको प्रारम्भिक वातावरणीय परिक्षण प्रतीवेदन | ३४७४०३।२९ | ३४२४४७ |
| १५ | नगर यातायात गुरुयोजना | | १४६८३०० |
| १६ | विभिन्न खोलाको आई ई ई | | ३८५३३०। |
| | | जम्मा | ४५१९९२९.१६ |

१९. **कन्टेन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनसूची १ अनुसार कन्टिनजेन्सी खर्च को व्यवस्था गरेको छ । कन्टिन्जेन्सी खर्च मध्ये २% वर्कचार्ट स्टाफ खर्च र २% सानातिना अन्य खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार कन्टेन्जैनसी खर्चमा यस वर्ष रु.६८ लाख ७० हजार खर्च गरेको छ । अतः कन्टिन्जेन्सी खर्चको योजनागत अभिलेखमा खर्च गर्न पाउने हद समेत खुलाई सानातिना आंकलन गर्न नसकिने निर्माण खर्चमा यस्तो खर्च गर्नुपर्नेमा गाडी खरिदमा रु.३८७०००० र अन्य चालु प्रकृतीका कार्यमा रु.३०००००० खर्च गरेको देखिएको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | लागत अनुमान | कन्टेन्जेन्सी खर्च रु हजारमा | | |
|---|---|---|---|---|---|
| | | | गत वर्षसम्मको | चालु वर्षको | बढी रकम |
| १ | सवारी साधन खरिद | ३८७००००।- | | ३८७०००० | |
| २ | अन्य | | | ३०००००० | |
| | | | जम्मा | ६८७०००० | |

२०. **आन्तरीक आय** : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५४ मा कानून बमोजिम बाहेक नगरपालिकाले आफ्नो क्षेत्राधिकारभित्र कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था रहेको छ भने अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २(३) संग सम्वन्धित अनुसूची ३ मा स्थानीय तहले लगाउन सक्ने कर र गैर करको व्यवस्था गरेको छ । जस अनुसार कर तर्फ सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), विज्ञापन कर, मनोरन्जन कर, व्यवसाय कर समेत ८ प्रकारका कर र गैर करतर्फ सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना समेत ३ प्रकारका गैरकर लगाउन सक्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार यस वर्ष निम्नानुसार रु.१० करोड ८७ लाख ६० हजार असुली भएको छ ।

| सि.नं | करका क्षेत्र | अनुमानित आय | असुली | प्रतिशत |
|---|---|---|---|---|
| १. | सम्पत्ति कर | १४००००० | ३३३२४९८.३३ | २३८.०३ |
| २. | नक्सापास दस्तुर | ४१७९६७ | ४५६११६ | १०९.३३ |
| ३. | सिफारिस दस्तुर | ३००००० | ७२१८४७४ | २४०६.१५ |
| ४. | व्यक्तिगत घटना दस्तुर | १००००० | १५६३०० | १५६.३ |
| ५. | अन्य दस्तुर | ५१००००० | १३१८६३७९ | २५८.५५ |
| ६. | प्रदुषण नियन्त्रण शुल्क | ३७५००००० | ४३५७९६०१.०२ | ११६.२१ |
| ७. | अन्य राजश्व | ४१०४८८३३ | ४०८३०८६४.२३ | ९९.४६ |
| | जम्मा | ८५८६६००० | १०८७६०२३२.५८ | १२६.६६ |

नगरपालिकाले आफ्नो आयको संभावित सबै श्रोतको संभावित परिमाण, संख्या, क्षेत्रफल एकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने आय एकिन गरेको छैन । कर बुझाउन आउनेसँग मात्र असुली गरेको छ । के कति असुल हुन सक्ने अवस्थामा छ भनी वस्तुपरक रुपमा अभिलेख व्यवस्थित गरेको छैन । आन्तरिक आय को सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार छन् :

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २०.१. | आन्तरिक आयको रसिदगत अभिलेख नराखेको, एव दैनिक आम्दानी खाता, बैंक दाखिला खाता लगायतका साविक म.ले.प.फा.नं. १०८,१०९ र २३ अद्यावधिक नगरेको कारण रसिदगत आम्दानी भिडान हुने अवस्था छैन । | |
| २०.२. | निम्नानुसार सबै ठेक्कामा कबोल अंकलाई वार्षिक कबोल अंक मानी सम्झौता अवधिको आधारमा ठेक्का अंक कायम गरेको छ । ढुंगागिट्टी बालुवा तर्फ वार्षिक न्युनतम परिमाण रु.७८४२७४४ घनमिटर किटान भएको अवस्थामा सम्झौता अवधिको आधारमा ठेक अंक घटाउने थप आधार स्पष्ट भएन । | |

| ठेक्ककाको विवरण | ठेकेदारको नाम | न्युनतम आय | कबोल अंक | सम्झौता मिति | ठेक्का रकम | असुली रकम | असुल हुन बाँकी |
|---|---|---|---|---|---|---|---|
| ढुंगा गिट्टी | तपेश्वर | ७०६००००० | ७०७११११११ | ०७५/६/७ | ५७५३७५३५ | ५७५३७५३५ | |
| बैकल्पिक सडक दस्तुर | तिनपिप्ले | ४००००००० | ४०१००००० | ०७५/५/१५ | ३५१५६१६४ | ३५१५६१६४ | |
| सवारी कर | कुटु निर्माण सेवा | ८६२५००० | ८६३०००० | ०७५/५/१५ | ८५४९६१० | ६६५८१०४ | १८९१५०६ २०७६/७७ मा |
| पर्यटन प्रवेश शुल्क | मन्जरी | १०००००००० | १००१५००० | ०७५/६/२९ | ७५४५५४८ | ९४०८२५० | |
| | | | | | | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २०.३. | सवारी कर र पर्यटन प्रवेश दस्तुर तर्फ २/२ वटा र ढुंगागिट्टी बालुवा र वैकल्पिक सडक दस्तुर तर्फ १ मात्र बोलपत्र दाखिला भएको एवं सबै ठेक्कामा न्यूनतम आय अनुमान कै हाराहारीमा ठेक्का व्यवस्था भएकोले प्रतिस्पर्धात्मक हिसाबले बोलपत्र दाखिला भएको भन्ने स्थिती देखिएन । | |
| २०.४. | ढुंगा गिट्टी बालुवाको स्पष्ट परिमाण खुलाई प्रारम्भिक वातावरणीय मुल्याँकन (IEE) प्रतिवेदनको आधारमा ठेक्का व्यवस्था हुने भएता पनि ठेक्का प्राप्त गर्ने व्यक्तिले के कति परिमाणमा प्राकृतिक श्रोतहरु उत्खनन/संकलन गरे सो सम्बन्धमा अनुगमन गरी यथार्थ परिमाण खुल्ने विवरण नगरपालिकाले नराखेकोले के कति परिमाण उत्खनन/संकलन भयो सो सम्बन्धमा विश्लेषण गर्न सकिएन । | |
| २०.५. | सम्झौताहरुमा १३ प्रतिशत मुल्य अभिवृद्धि कर र अन्य लाग्ने कर सम्बन्धित निकायमा बुझाई कार्यालयलाई जानकारी दिनुपर्ने व्यवस्था भएकोमा निम्नानुसारको कर सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाएको प्रमाण पेश नभएको रु. | २७४३०६९ |

| निर्माण व्यवसायी नाम | ठेक्का रकम | मुल्य अभिवृद्धि कर १३ % | अग्रिम कर १.५% | जम्मा कर | दाखिला प्रमाण | बाँकी |
|---|---|---|---|---|---|---|
| तिनपिप्ले निर्माण सेवा | ३५१५६१६४ | ४५७०३०१ | ५२७३४२ | ५०९७६४३ | ३१५०४१७ | १९४७२२६ |
| कुटु निर्माण सेवा | ८५४९६१० | ११११४४९ | १२६८९४ | १२३८३४३ | ४४२५०० | ७९५८४३ |
| जम्मा | ४३७०५७७४ | ५६८१७५० | ६५४२३६ | ६३३५९८६ | ३५९२९१७ | २७४३०६९ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २१. | **विभाज्य कोष :** प्रदेश आर्थिक ऐन, २०७६ को दफा ९(५) मा प्रत्येक स्थानीय तहले ढुंगाा, गिट्टी, बालुवा दहत्तर बहत्तर बापत प्राप्त आयको ४० प्रतिशत रकम प्रदेश संचित कोषमा पठाउनुपर्ने उल्लेख छ । नगरपालिकाले यस वर्ष ढुंगा गिट्टी बालुवा तर्फ ठेक्का मार्फत रु.५७५३७५३५ र अमानतबाट रु.१२९०७९२९ समेत जम्मा रु.७०४४५४६४ विभाज्य आय प्राप्त भएकोमा सो को ४० प्रतिशत ले हुने रु.२८१७८१८५ प्रदेश संचित कोष पठाउनु पर्नेमा रु.२७६०३८७४ मात्र पठाएको देखिएकोले प्रदेश संचित कोष पठाउनु पर्ने रु. | ५७४३११ |
| २२. | **परामर्श समिति :** स्थानीय सरकार सञ्चालनऐन २०७४ को दफा ६५ मा राजस्व सम्वन्धी परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरु तोकिएको छ । राजस्व परामर्श समितिको ऐनमा उल्लेख भए अनुसारका कार्यहरु थप प्रभावकारी बनाई नगरपालिकाको आय वृद्धि तर्फ ध्यान दिनुपर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २३. | **व्यवसाय कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष नगरपालिकाले कुल आन्तरीक आय तर्फ आम्दानी गर्ने लक्ष्यनै नतोकेको र व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन। लेखापरीक्षणका क्रममा नगरपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन। नगरपालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनुपर्दछ। | |
| २४. | **ठेक्का व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० को उपनियम ३ बमोजिम वार्षिक कार्यक्रम कार्यान्वयन तालिका बनाउनुपर्ने तथा कार्यान्वयन हुने योजनाको लागत अनुमान तयारी स्वीकृत, निर्माण कार्य सम्पन्न गर्न अन्य निकाय सँग लिनुपर्ने सहयोगको लागि व्यवस्थापन तथा बोलपत्र आह्वान र ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक भित्र गरी सक्नुपर्ने व्यवस्था छ। नगरपालिकाले विभिन्न शिर्षकका ८ ठेक्का व्यवस्था गरी यस वर्ष कार्यान्वयन गरेकोमा प्रथम र दोस्रो चौमासिकमा कुनै पनि ठेक्का व्यवस्था नभएको तथा तेस्रो चौमासिकमा ८ ठेक्का व्यवस्था भएका छन। सो मध्ये यस वर्ष ४ वटा ठेक्का सम्पन्न भएका छन् भने ४ वटा ठेक्का समयमा नै सम्पन्न हुन नसकी लाभग्राही वर्ग प्राप्त हुने प्रतिफलबाट बञ्चित भएका छन्। अतः नियमावली बमोजिम तोकेको समयमा ठेक्का व्यवस्था तथा कार्यान्वयन गरी कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |

| क्र.सं. | कार्यक्रमको नाम | ठेक्का सम्झौता | | | | | | | | | | यस वषं सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | आषाढ महिनाको मात्र | | | |
| | | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम |
| १ | हिगुवापाटी कोदारी गैरिविसौना मोटरबाटो स्तरोन्नती | | | | | | | १ | ३९५०३४२।६१ | | | | |
| २ | सोते इनद्रावती बैकल्पिक सडक निर्माण | | | | | | | १ | १९४२०२२।५२ | | | | |
| ३ | सिपाघाट फेदी बैकल्पिक सडक निर्माण क्रमागत योजना | | | | | | | १ | ४१७७११०।५४ | | | १ | ११६६६७८।६७ |
| ४ | कात्तिके चुरिथुम्का सिपाघाट मोटरबाटो स्तरोन्नती | | | | | | | १ | १९१६८३०।९७ | | | | |
| ५ | फेदी जैशिथोक चण्डेनी आँपघारी मोटरबाटो स्तरोन्नती | | | | | | | १ | १७५०६६५।०७ | | | | |
| ६ | बयरबोट सिंगे चित्ते मेसागाँउ छाप रानिवन चुरिथुम्का सडक | | | | | | | १ | २६३०६८९।७३ | | | १ | २३९५५५९।४२ |
| ७ | सिपाघाट जिरोकिलो बैकल्पिक सडक निर्माण | | | | | | | १ | ८२१३८०९ | | | १ | ८१७३६४३।८३ |
| ८ | फेदी जैशिथोक चण्डेनी आँपघारी मोटरबाटो स्तरोन्नती | | | | | | | १ | १७५०६६५।- | | | १ | १७१५६०५।- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २५. | **छुट नलिएको** : पत्रपत्रिकामा सूचना प्रकाशन गर्दा पत्रिकाले १० प्रतिशतदेखि २५ प्रतिशतसम्म छुट दिएको पाइन्छ। अतः सामान्य बजार दर बमोजिम छुटको सुविधा लिई खर्चमा मितव्ययिता अपनाउनपर्ने तर्फ ध्यानाकर्षण हुनु पर्दछ। | |
| | **नगरपालिका चालु तर्फ** | |
| २६. | **विल भर्पाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ वमोजिम अनुसार बिल भर्पाई सहितको लेखा राख्नु पर्दछ। स्टार ल फर्मलाई परामर्श सेवा बापत गो.भौ.नं.३६६।०७५।९।२५ बाट रु.५०००० मा रु.७५०० कर कट्टी गरी भुक्तानी दिएको छ। कुन कामको परामर्श दिए बापत भुक्तानी भएको हो सो खुलेको विवरण र बिल भरपाइ संलग्न छैन। बिल भरपाइ वेगर खर्च लेखेको रकम असुल हुनुपर्दछ रु. | ४२५०० |
| २७. | **गाडी मर्मत :** सवारी साधन मर्मत गर्दा लागत अनुमान स्वीकृत गरी सो को सिमा भित्र रही नियमानुसार मर्मत सम्भार गर्ने एवं मर्मत संभारबाट फेरिएका सामानहरुको अभिलेख म.ले.प.फा.नं.२ मा व्यवस्थित गर्ने गुर्नपर्दछ। त्यस्तै मर्मत संभार गर्दा वारेन्टी र ग्यारेन्टी अवधि खुलाई मर्मत संभारको कार्य गरी मर्मत कार्य मितव्ययी बनाउनुपर्ने हुन्छ। कार्यालयबाट प्राप्त विवरण एवं खर्चको फाँटवारी अनुसार गाडी मर्मतमा रु.३४७७०४२ खर्च भएको देखिन्छ। उक्त खर्च मध्ये चार पाग्रे सवारी साधन बा.१ झ ९३५६ को लागि मात्र रु.१७८३३२५, खर्च लेखेको अवस्थाले मर्मत कार्य मितव्ययी भएको छ भन्न सक्ने अवस्था देखिएन। | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

२८. **खर्चको मापदण्ड :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ (६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीयता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने भन्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष सदस्यता शुल्क, आर्थिक सहायता, पुरस्कार, नगरसभा संचालन खर्च, कार्यालय र वडा कार्यालयको चियापन, पर्व पुजाआजा गोष्ठि सेमिनारको चियापान र अतिथी सत्कार र भैपरी आउने खर्च समेत गरी रु.३८२८९९२ विविधमा विनियोजन गरी रु.३४ लाख खर्च गरेको छ । उक्त खर्च गर्दा प्रयोजन खुलाई खर्चको मापदण्ड स्वीकृत गराई खर्च गर्नुपर्दछ । केही उदाहरण निम्नानुसार रहेका छन् ।

| भौ.नं.मिति | फर्म होटल | रकम |
|---|---|---|
| ५४४/०७५/१२/१४ | वि एस होटल मण्डनदेउपुर | १४६२०० |
| ५४७/०७५/१२/१४ | वि एस होटल मण्डनदेउपुर | १००१४८ |
| ५४७/०७५/१२/१४ | कुन्तावेशी होटल | १३१९०० |
| ८५६/०७६/३/१९ | २ वटा होटल बिल | १५६३९५ |
| | जम्मा | ५३४६४३ |
| | | |

२८.१. **बैठक भत्ता :** अर्थ मन्त्रालय खर्चको मापदण्ड सम्वन्धी निर्णय तथा कार्यविधि दफा ७.१.१ मा अर्थ मन्त्रालयको निर्णय अनुसार बैठक भत्ता दिने आधारहरुमा स्पष्ट विषयबस्तु र कार्य योजना वेगर बैठक वस्न नपाउने र एकै निकाय र अन्तर्गतका पदाधिकारी कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने भनी उल्लेख गरेको छ । निम्नानुसारका नगरपालिकाका कर्मचारीलाई पदपुर्ति समितिमा कार्य गरेको भनि भत्ता बापत जम्मा रु.१६३५०० मा अग्रिम कर रु.२४५२५ कट्टी गरी गो.भौ.नं.२७८।०७५।८।२६ बाट रु.१३८९७५ भुक्तानी दिएकोले अर्थ मन्त्रालयको कार्यविधि अनुरुप मात्र बैठक भत्ता प्रदान गरी बैठक भत्तामा मितव्ययीता नल्याएको रु. — १३८९७५

**पुँजिगत तर्फ**

२९. **पाइप मौज्दात :** बनेपा निर्माण सामाग्री सप्लायर्स लाई निम्नानुसारका पाइप खरिद बापत गो.भौ.नं.५५६।०७६।३।३१ बाट रु.४९१६८५ भुक्तानी दिएको छ । खरिद गरिएका पाइपहरु स्टोरमा नै मौज्दात रहेको छ । आवश्यकता वेगर मौज्दात रहने गरी खरिद गर्नु उपयुक्त देखिएन ।

| क्र.स | विवरण | | रकम |
|---|---|---|---|
| १ | २० mm १० के.जि | ७५०० मि | २४१२०० |
| २ | २५ mm १० के.जि | ४००० मि | १९३९२० |
| | | मु.अ.कर | ५६५६५ |
| | | जम्मा | ४९१६८५ |

३०. **जिन्सी दाखिला :** प्रदेश सरकारको आर्थिक कार्यविधि नियमति तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा २४ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी, सम्पत्तिको हकमा सोही दिन वा त्यसको भोलि पल्ट र जिन्सी मालसामानको हकमा ७ दिन भित्र तोकिएको स्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । क्षितिज निर्माण सेवालाई निम्नानुसार ह्युम पाइप खरिद बापत गो.भौ.नं.५५८।०७६।३।३१ बाट रु.४८७७०८ भ्याट सहित भुक्तानी दिएको छ । ति पाइपहरु कार्यालयको जिन्सी किताबमा दालिखा भएको छैन र कहाँ प्रयोग भएको हो सो समेत खुलेको छैन । अतः ति पाइपहरु जिन्सी किताबमा दाखिला भएको वा प्रयोग भएको प्रमाण पेश हुनुपर्दछ रु. — ४८७७०८

| क्र.स | विवरण | संख्या | दर | रकम |
|---|---|---|---|---|
| १ | NP3 ह्युम पाइप ६०० mm | ४० मि | ५४४५ | २१७८०० |
| २ | NP3 ह्युम पाइप ९०० mm | २० मि | १०६९० | २१३८०० |
| | | | भ्याट | ५६१०८ |
| | | | जम्मा | ४८७७०८ |

३१. **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. ३ प्रदेश

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ। नगरपालिकाबाट यस वर्ष देहाय बमोजिम रु.१०५६७०००/- सुविधा वापत भुक्तानी भएको देखिएको छ।
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>प्रमुख</th><th>उपप्रमुख</th><th>वडाअध्यक्ष १२ जना</th><th>कार्यपालिका सदस्य ८ जना</th><th>सभाका सदस्य ४२ जना</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>मासिक सुविधा</td><td>३५०००</td><td>३००००</td><td>२१०००</td><td>११०००</td><td>६०००</td><td>७८८४०००</td></tr>
<tr><td>२</td><td>सञ्चार सुविधा (मासिक दरमा)</td><td>२०००</td><td>१५००</td><td>१०००</td><td>५००</td><td>-</td><td>२३४०००</td></tr>
<tr><td>३</td><td>बैठक भत्ता</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>२४४९०००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>१०५६७०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३१.१.</td><td>प्रदेश नं.३ को स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ मा न्यायिक समिति, विद्यायन समिति, लेखासमिति र सुशासन समितिका सदस्य बाहेक स्थानीय तहका अन्य पदाधीकारी तथा सदस्यले बैठक भत्ता पाउने व्यवस्था गरेको देखिदैन। तथापी नगरपालिकाले चौथो नगरसभाको तेस्रो बैठकबाट निर्णय गरी माथि उल्लेख भए अनुसार रु.२४४९०००/- बैठक भत्ता भुक्तानी गरेको देखिएकोले कानुन विपरित सुविधा प्रदान गरेको रु.</td><td>२४४९०००</td></tr>
<tr><td>३१.२.</td><td>नगरपालिकाको २०७५।६।२८ को बैठकले निर्णय गरी वडा अध्यक्षहरुलाई इन्धन खर्च बापत प्रति महिना रु.५००० का दरले १२ महिनाको रु.७२०००० मा अग्रिम कर १५ प्रतिशत कट्टी गरी रु.६१२००० भुक्तानी दिएको छ। इन्धन खर्च दिन मिल्ने कानुनी व्यवस्था देखिएन। कानुनमा व्यवस्था नभई भुक्तानी भएको रु.</td><td>६१२०००</td></tr>
<tr><td>३१.३.</td><td>पोशाक खर्च : नगरपालिकाले तेस्रो नगर सभाबाट बजेट विनियोजन गरी नगर प्रमुख, उप प्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्य गरी जम्मा ६४ जनालाई पोशाक खर्च बापत जनही रु.१०,०००।- का दरले गो.भौ.नं.५७०।०७५।१२।२१ बाट जम्मा रु.६,४०,०००।- भुक्तानी दिएको छ। जनप्रतिनिधीलाई पोशाक खर्च दिन मिल्ने प्रदेश कानुनमा व्यवस्था देखिदैन। कानुनमा व्यवस्था नभएको अवस्थामा पोशाक खर्च बापत भुक्तानी दिएको रु.</td><td>६४००००</td></tr>
<tr><td>३१.४.</td><td>उल्लेखित ऐनमा कार्यपालिका सदस्यलाई संचार सुविधा प्रदान गर्ने व्यवस्था नभएकोमा मासिक रु.५०० का दरले रु.४८००० सुविधा उपलब्ध गराएको रु.</td><td>४८०००</td></tr>
<tr><td></td><td>स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धको ऐन, ०७५ को दफा १२ को आधारमा आन्तरिक श्रोतबाट सुविधा प्रदान गरेको नगरपालिकाले जनाएको छ।</td><td></td></tr>
<tr><td>३१.५.</td><td>स्वकिय सचिव : नगरपालिकाको स्वीकृत दरबन्दीमा स्वकिय सचिवको दरबन्दी कायम भएको देखिएन। तसर्थ दरबन्दी वेगर नगर प्रमुख र उपप्रमुखको स्वकिय सचिव नियुक्ती गरी मासिक क्रमश रु.२३५०० र रु.२२१७० का दरले रु. ५४८०४० खर्च लेखेको नियम सम्मत नदेखिएको रु.</td><td>५४८०४०</td></tr>
<tr><td>३२.</td><td>बिशेष भत्ता : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवाको शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको शुरु तलब स्केल प्रदेश सरकारले तोके बमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था छ। त्यस्तै दफा ८६ मा अन्य सेवा सुविधा स्थानीय कानुन अनुसार हुने व्यवस्था छ। नगरपालिकाले २० जना कर्मचारीलाई हिउदे नगरसभा हुनुभन्दा पहिले र पछि अतिरिक्त काम गरे बापत कर कट्टी गरी गो.भौ.नं. ५७७।०७५।१२।२१ बाट खुद रु.१३१८४२ भुक्तानी गरेको छ। उक्त सुविधा सम्बन्धमा स्थानीय कानुनमा व्यवस्था गरेको देखिएन।</td><td></td></tr>
<tr><td>३३.</td><td>सेवा प्रवाह : प्राप्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार प्रवाह गरेको सेवाको स्थिती निम्नानुसार रहेको छ
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>सेवा प्राप्तिका लागि निवेदन संख्या</th><th>सिफारिस संख्या</th></tr>
<tr><td>१</td><td>नागरिकता सिफारिस</td><td>१६६८</td><td>१६६८</td></tr>
<tr><td>२</td><td>घरबाटो सिफारिस</td><td>९४८</td><td>९४८</td></tr>
<tr><td>३</td><td>नाता प्रमाणित</td><td>७२६</td><td>७२६</td></tr>
<tr><td>४</td><td>जन्म, मृत्यु दर्ता</td><td>२२९५</td><td>२२९५</td></tr>
<tr><td>५</td><td>अन्य</td><td>८६००</td><td>८६००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३३.१.</td><td>स्थानीय सरकार सञ्चालनऐन २०७४ को दफा २७ मा गाउँपालिकाबाट नक्शा पास नगराई भवन</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | निर्माण गर्न नहुने व्यवस्था रहेकोमा कार्यालयले नक्शा पास गर्ने व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याएको देखिएन । घर नक्शापास र निर्माण कार्य सम्पन्न सम्वन्धी विवरण पेश गरेको छैन । | |
| | **पूजीगत तर्फ** | |
| ३४. | **उपभोक्ता समितिमार्फत कार्यः** यस सम्वन्धमा देखिएका व्यहोरा यसप्रकार रहेका छन् । | |
| ३४.१. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा एक करोड रुपैया सम्मको लागत अनुमान भएको निमार्ण कार्य वा सो सम्बधी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने सकिने व्यवस्था छ । उपभोक्ता समितिले पेश गरेको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्ने र त्यस्तो सम्झौतामा एक ६० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नु पर्ने योगदान उल्लेख गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन । | |
| ३४.२. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्ताको गरेको खर्चको सूचना सार्वजनिक टाँस गर्नुपर्ने र आफूले गरेका कामकारबाहीको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरिक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार प्रभावकारी रुपमा भए गरेको देखिएन । | |
| ३४.३. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेकोमा सो अनुसार योजना हस्तान्तरण गरेको जनाएको छ । | |
| ३४.४. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेट कूल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने, सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने व्यवस्था रहेकोमा सो अनुसार गरेको देखिएन । | |
| ३४.५. | उपभोक्ता समितीबाट जटिल प्रकृति र हेभी मेशिन प्रयोग गर्नुपर्ने खालका कार्य समेत भएको उक्त निमार्ण कार्यको गुणस्तर परीक्षण गरेको प्रमाण फाइलमा संलग्न नभएकोले गुणस्तर सम्बन्धमा विश्वस्त हुन नसकिएको, अनुगमनको व्यवस्था गरेतापनि अनुगमन फारममा सबै पदाधिकारीले हस्ताक्षर नगरेको स्थिति देखिएको छ । तसर्थ नियम ९७(९) को हेभी मेशिनहरु प्रयोग गर्न नसकिने व्यवस्थालाई समेत ध्यान दिई कार्य गराउनुपर्ने एवं निमार्ण कार्य गुणस्तरीय रुपमा सम्पन्न भएको छ भनी विश्वस्त हुन गुणस्तर परीक्षणका परीक्षणका प्रमाणहरु संलग्न गर्नुपर्ने देखिएको छ । | |
| ३४.६. | **हेभी भेसिन प्रयोग :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा एक्साभेटर, रोलर, डोजर जस्ता हेभी मेसिनहरु प्रयोग गर्न सकिने छैन हेभी मेसिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समिति वा लाभग्रही समुदायसंग भएको सम्झौता रद्द गरिनेछ । उपभोक्ता समितिले प्राप्त गरेको कुनै काम निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसंग भएको सम्झौता रद्द गरिने उल्लेख गरेको छ । नगरपालिका भित्र उपभोक्ता समितिबाट संचालन भएको सडक योजनाहरुमा अध्याधिक मात्रमा डोजर, एक्साभेटर जस्ता हेभी मेसिनहरुको प्रयोग गर्ने गरेकोले यस्तो हेभी मेसिन प्रयोग गर्नुपर्ने काम कार्यालयबाट प्रतिस्पर्धाबाट गराउनु उपयुक्त हुने देखिन्छ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३५. | **काशिभञ्याङ हिले नयांगाउं सडक** : यस सडक आयोजनाको निर्माण व्यवसायी श्री ई जी विल्डर्ससंग रु.१०९२८१३।९० मा कार्य सम्पन्न गर्ने गरी २०७५।१।२८ मा सम्झौता भएकोमा कार्य सम्पन्न विल अनुसार भौ.न.३।२०७५।५।३१ बाट रु.९८९४६०। भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्नानुसार छन् | |
| ३५.१. | **पूर्वनिर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शून्य दसमलब शून्य पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था गरेको छ । नगरपालिकाले निर्माण व्यवसायीसंग भएको सम्झौता मिति २०७५।१।२८ ले ३० दिन भित्र कार्य सम्पन्न गर्नु पर्ने उल्लेख गरेकोमा निर्माण व्यवसायीले सो सडकको काम मिति २०७६।३।२३ गते अर्थात सम्झौतामा तोकिएको अवधिको २६ दिन ढिला कार्य सम्पन्न गरेको छ । म्याद थप भएको देखिएन तसर्थ ढिला कार्यसम्पन्न गर्ने निर्माण व्यवसायीसंग नियमानुसार सम्झौता अंकको ०.०५ प्रतिशतको दरले रु.१४०२२। पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा गर्नु पर्नेमा सो क्षतिपूर्ति कट्टा नगरेकोले असुल गर्नुपर्ने रु. | १४०२२ |
| ३५.२. | सम्झौता रु. १०९२८१३।९० को ९०.५४ प्रतिशतमात्र कार्य सम्पन्न भएको आधारमा भुक्तानी गरेकोले निर्माण व्यवसायीले के कारण शतप्रतिशत कार्य सम्पन्न गर्न नसकेको हो प्राविधिकबाट स्पष्ट कारण उल्लेख गरेको छैन । बोलपत्र खोलेको मुचुल्का, बोलपत्र दाताहरुको कबोल अकंको तुलनात्मक विवरण र निर्माण व्यवसायीसंग भएको प्रत्येक आईटम वाईज कामको सम्झौता दर पेश भएन । | |
| ३६. | **राम्चे झगरेडांडा सडक आयोजनाको** निर्माण व्यवसायी श्री जिन्लप कन्स्ट्रक्सन शिखर आम्बोटेसंग रु.१२२६२१९।५० मा कार्य सम्पन्न गर्ने गरी मिति २०७५।१।२३ सम्झौता भएकोमा कार्य सम्पन्न विल अनुसार भौ न.५ मिति २०७५।६।१ बाट रु.१०९७२१३।०५ भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्नानुसार छन् । | |
| ३६.१. | **पूर्वनिर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शून्य दसमलब शून्य पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था गरेको छ । नगरपालिकाले निर्माण व्यवसायीसंग भएको सम्झौता मिति २०७५।१।२३ ले ३० दिन भित्र कार्य सम्पन्न गर्नु पर्ने उल्लेख गरेकोमा निर्माण व्यवसायीले सो सडकको काम मिति २०७६।३।२३ गते सम्झौतामा तोकिएको अवधिको २९ दिन ढिला कार्य सम्पन्न गरेको छ । म्याद थप भएको देखिएन तसर्थ ढिला कार्यसम्पन्न गर्ने निर्माण व्यवसायीसंग नियमानुसार सम्झौता अंकको ०.०५ प्रतिशतको दरले रु.१५७३४। पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा गर्नु पर्नेमा सो क्षतिपूर्ति कट्टा नगरेकोले असुल गर्नुपर्ने रु. | १५७३४ |
| ३६.२. | सम्झौता रु.१२,२६,२१९।५० को ८९.४७ प्रतिशतमात्र कार्य सम्पन्न भएको आधारमा भुक्तानी गरेकोले निर्माण व्यवसायीले के कारण शतप्रतिशत कार्य सम्पन्न गर्न नसकेको हो प्राविधिकबाट स्पष्ट कारण उल्लेख गरेको छैन । बोलपत्र खोलेको मुचुल्का, बोलपत्र दाताहरुको कबोल अकंको तुलनात्मक विवरण र निर्माण व्यवसायीसंग भएको प्रत्येक आईटम वाईज कामको सम्झौता दर पेश भएन । | |
| ३७. | **कार्य सम्पन्न प्रतिवेदन :** सिपाघाट चुरिथुम्का हलेदे कार्तिके सडक आयोजनाको निर्माण व्यवसायी श्री फटिकेश्वर निर्माण सेवासंग रु.११४१६७७।१० मा कार्य सम्पन्न गर्ने गरी मिति २०७५।२।१३ सम्झौता भएकोमा मिति २०७५।३।२३ को कार्य सम्पन्न विल अनुसार भौ न.७ मिति २०७५।६।१ बाट रु.१०४६३०१। भुक्तानी गरेको देखिएको छ । निर्माण व्यवसायीसंग गरेको ठेक्का फाईल, सम्झौता, नापी किताब पेश नभएको कारण आयोजनाको लागत इष्टिमेट, आईटम वाईज कामको दर भिडाउन सकिएन । निर्माण व्यवसायीले कति अवधि भित्र कार्य सम्पन्न गर्नुपर्ने थियो सो भिडाउन नसकिएको रु. | १०४६३०१/ |
| ३८. | **वैकल्पिक सडक :** हिगुवापाटी जिरोकिलो वैकल्पिक सडक आयोजनाको लागत इष्टिमेट रु.१,९१,९९,९९८।१० मा सिलबन्दी बोलपत्रबाट सव भन्दा कम कबोल गर्ने निर्माण व्यवसायी श्री शिवालय विल्डर्स प्रा लिसंग रु.८२,१३,८०८।५४ मा ठेक्का सम्झौता भएको छ । निर्माण व्यवसायीले | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>पेश गरेको अन्तिम विलसम्म रु.८१,७३,६४३। बराबरको कार्य सम्पन्न भएको प्राविधिक मुल्यांकन अनुसार गो भौ.नं.२२१ मिति २०७६।२।६ बाट भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्नानुसार छन् :</td><td></td></tr>
<tr><td>३८.१.</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११२ मा रु. १० लाख भन्दा बढीको निर्माण कार्यको बिमा गराउनु पर्ने व्यवस्था छ । नगरपालिकाले नियम अनुसार आयोजनाको लागत इष्टिमेट तयार गर्दा नै वीमाको व्यवस्था गर्नुपर्नेमा वीमाको व्यवस्था नै नगरी ठेक्का पट्टा सम्झौता गरी निर्माण कार्य गराएको देखियो ।</td><td></td></tr>
<tr><td>३८.२.</td><td>निर्माण व्यवसायीले सम्झौता बमोजिम सम्पन्न गरेको कामको प्राविधिकबाट नाप जांच गरेको नापी किताबमा राख्नु पर्नेमा सो को बदलामा लुजसिटमा नापीको विवरण राख्ने गरेको छ । सोही नापी विवरण अनुसार जम्मा माटो कटिङ्ग गरेको १७५३१८.६० घनमिटर मध्ये साधारण किसिमको माटो कटिङ्ग १७४६८०.८० घनमिटर, नरम चट्टान ४२३.२० घनमिटर र मिडियम चट्टान २१४.६० घनमिटर भएकोमा अन्तिम विलमा साधारण माटो १७५३१८.६० घनमिटर नै कटिङ्ग गरेको देखाई भुक्तानी लिएकोले साधारण माटोमा ६३७.८० घनमिटर बढी कटिङ्ग देखाएको प्रतिघनमिटर रु.३२। ले बढी भुक्तानी गरेको रु. २०४०९।६० असुल गर्नु पर्ने देखिएको रु.</td><td>२०४०९.६</td></tr>
<tr><td>३८.३.</td><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ (ढ.१) मा बोलपत्रदाताले लागत अनुमानभन्दा पन्ध्र प्रतिशतसम्म कम अंक कबुल गरेमा कबुल अंकको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र पतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशतभन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अंकको पाँच प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत राख्नुपर्ने उल्लेख गरेको छ । यस सडक योजनामा लागत अंकको ५७.२२ प्रतिशत घटीमा काम गर्न निर्माण व्यवसायीले कबुल गरेकोले नियम अनुसार रु.४४६३७८५।३४ कार्य सम्पादन जमानत लिनु पर्नेमा निर्माण व्यवसायीले कृषि विकास बैंक लिमिटेडबाट मिति २०७५।३।२४ देखि २०७६।४।२३ सम्म मान्य अवधि भएको रु.९५००००। मात्र बैंक जमानी पेश गरेको छ । नियम अनुसार बैंक जमानत नपुग भएकोले थप जमानत लिने तर्फ कार्यालयले कुनै कारवाही नगरी सोही बैंक जमानतको आधारमा निर्माण व्यवसायीसंग ठेक्का सम्झौता गरेको रु.</td><td>३५१३७८५</td></tr>
<tr><td>३८.४.</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिसम्मको बैंक जमानत हुनु पर्ने उल्लेख गरेकोमा सम्झौता मिति २०७५।३।३१ देखि ६ महिना र म्याद थप समेत २०७५।११।१५ भित्र कार्य सम्पन्न गर्नुपर्ने उल्लेख गरेकोले सो अवधि देखि १३ महिना अर्थात् (२०७६ चैत्र १५ ) सम्मको बैंक जमानत पेश गर्नु पर्नेमा २०७६।४।२३ सम्मको मात्र बैंक जमानत पेश गरेकोले नपुग अवधिको लागि बैंक जमानत माग गरेको छैन । अवधि नपुगेको बैंक जमानीको कारण निर्माण कार्यको त्रुटि सच्याउने दायित्व अवधि भित्र आयोजनामा कुनै कैफियत देखिएमा सो जमानीबाट त्रुटि सच्याउन सकिने नदेखिएकोले यस तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>३९.</td><td>प्राविधिक मूल्याङ्कन : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाइ भेरिएसन आदेश जारी गर्न सक्नेछ भनी उल्लेख गरेको छ । आयोजनाहरुको काम सम्पन्न गर्न उपभोक्ता समितिसंग सम्झौता गरेकोमा समितिबाट सम्पन्न गरेको कामको प्राविधिकबाट नाप जांच गरी मुल्यांकनको आधारमा भुक्तानी गर्ने गरेको छ । सम्झौता परिमाण भन्दा कम परिमाणमा कार्य सम्पन्न गरेको भएता पनि प्राविधिकबाट कुनै स्पष्ट कारण उल्लेख नगरी योजना फरफारक गरी भुक्तानी गर्ने गरेकोले बांकी कामको अवस्था बारे एकिन गर्न सकिएन यसका केही उदाहरण निम्न छन् ।
<table>
<tr><th>भौ न मिति</th><th>आयोजनाको नाम</th><th>सम्झौता रकम</th><th>सम्पन्न रकम</th><th>फरक प्रतिशत</th></tr>
<tr><td>१६७/०७५/१२/१२</td><td>तिनकुने सिपाघाट तल्लोबजार इन्द्रवती पुल सम्मको सडक निर्माण</td><td>२४२४५०५.४१</td><td>२२९०६११.८१</td><td>९४.४७</td></tr>
<tr><td>२१३/०७६/१/३१</td><td>ट्याङकीडांडा माानेडांडा बन्चरे सडक</td><td>२८३४९८४/८४</td><td>२७२८२१४/</td><td>९६.२३</td></tr>
</table></td><td></td></tr>
<tr><td>४०.</td><td>मुल्य अधिवृद्धि कर : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उप नियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य दिंदा उप नियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने उल्लेख गरेको छ । कार्यालयले विभिन्न योजनाको निर्माणको लागि लागत इष्टिमेट तयार गर्दा निर्माण सामाग्रीको जिल्ला दरमा मुल्य अभिबृद्धि कर समेत थप गरी आईटम वाइज कामको दर विश्लेषण</td><td>९०३४३६</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

गरेको छ । उपभोक्ताले निर्माण सामाग्री खरिद गर्दा मुल्य अभिबृद्धि करमा दर्ता भएको आपूर्तिकर्ताबाट मात्र खरिद गरेको विजक पेश गर्नुपर्नेमा मुल्य अभिबृद्धि करमा दर्ता नभएको साधारण विल पेश गरेको छ । मुल्य अभिबृद्धि करमा दर्ता नभएकोले मुल्य अभिबृद्धि कर रकम कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्नेमा कार्यालयले निर्माण कामको प्राविधिक मुल्याकंन गरेको आधारमा मुल्य अभिबृद्धि कर समेत उपभोक्त समितिलाई भुक्तानी गरेको रु.

| भौ न मिति | आयोजनाको नाम | कामको विवरण | परिमाण | निर्माण सामाग्री | मु अ कर समाबेस दर | जिल्ला दर | मु अ कर रकम |
|---|---|---|---|---|---|---|---|
| २००।०७६।१।११ | ठुलीखेत शंकरेबांध सिंचाई ५,६,७ | जगमा ढुङ्गा सोलिङ्ग | १६.७५ घ मी | खानीको ढुङ्गा २०.१ घ मी | २४८६/ | २२००/ | ५७४८ |
| | | पि सि सि १:२:४ | २४.२३ घ मी | रोडा २०.५९ घ मी | ३७२९/ | ३३०० | ८८३३ |
| | | | | बालुवा १०.७८ घ मी | ४३५०/५० | ३८५० | ५३९५ |
| | | ढुङ्गाको पक्की गाह्रो | ३५.३६ घ मी | खानीको ढुङ्गा ३८.८९घ मी | २४८६/ | २२००/ | १११२२ |
| | | | | बालुवा १५.९१ घ मी | ४३५०/५० | ३८५० | ७९६२ |
| ४०९।०७६।३।२९ | इन्द्रवती नदी तट नियन्त्रण | पि सि सि १:१.५:३ | ७७.१७ घ मी | बालुवा ३२.४१ घ मि | ४३५०/५० | ३८५० | १६२२१ |
| | | | | गिट्टी ६६.३६ घ मि | ३७२९/ | ३३००/ | २८४६८ |
| ३२५।०७६।३।१८ | कुन्ताबेसी बसपार्क सौचालय ढल निर्माण | ग्याविन वक्स तथा ढुङ्गा भर्ने काम | ६४ बक्स | खानीको ढुङ्गा १४०.८ घ मी | २४८६/ | २२००/ | ४०२६८ |
| २१३।०७६।१।३१ | ट्याङकीडांडा मानेडांडा बन्चरे सडक | १:४ मसलाको गाहो | ४७.६५८ घ मी | बालुवा २२.३९ घ मी | ४३५०/५० | ३८५० | ११२०६ |
| | | | | खानीको ढुङ्गा ५२.४२ घ मी | २४८६/ | २२००/ | १४९९२ |
| | | ग्याविन जालको काम | ८ बक्स | खानीको ढुङ्गा १७.६ घ मी | २४८६/ | २२००/ | ५०३३ |
| | | ग्राभेल गर्ने काम | ५०७.६ घ मी | ग्राभेल ५५८.३६ घ मी | ७९१. | ७००. | ४६१९१ |
| ३३७।०७६।३।१९ | मजुवा भिमटार लिफ्ट सिंचाई | १:२:३ पि सि सि | २९.६४ घ मी | बालुवा १३.३३ घ मी | ४३५०/५० | ३८५० | ६६७१ |
| | | | | खानीको ढुङ्गा २५.१९ घ मी | २४८६/ | २२००/ | ७२०४ |
| ३४६।०७६।३।२२ | ग्रामिण सडक मर्मत तथा ग्राभेलिङ हिमपाईप | ग्राभेल गर्ने काम | ५२५.६० घ मी | ग्राभेल ५७८.१६ घ मी | ७९१/ | ७००/ | ५२६१२ |
| २३६।०७६।२।१२ | ढाईटार गुरागाईचोक सर्वभ्काङ वीरधनपाटी पिपल | ग्राभेल गर्ने काम | ८६९.४ घ मी | ग्राभेल ९५६.३४ घ मी | ७९१/ | ७००/ | ८७०२६ |
| २४३।०७६।२।१४ | चण्डेनी एकिकृत नमुना वस्ती तिनधारा सडक | ग्राभेल गर्ने काम | ३३० घ मी | ग्राभेल ३६३ घ मी | ७९१/ | ७००/ | ३३०३३ |
| २६२।०७६।२।२७ | ज्वानेटार सिंचाई कुलो | पि सि सि १:२:४ | ४३.५९६ घ मी | रोडा कसर ३७.०५ घ मी | २७२९ | ३३०० | १५८९४ |
| | | | | बालुवा १९.४० घ मी | ४३५०/५० | ३८५० | ९७०९ |
| | | जगमा ढुङ्गा सोलिङ्ग | २०.१६ घ मी | खानीको ढुङ्गा २४.१९ घ मी | २४८६/ | २२००/ | ६९१८ |
| ५१६।०७६।३।३१ | ५० किलो रामपुर सडक | ग्राभेल विच्छाई रोलरबाट प्याच गर्ने | ८३७.९० घ मी | सवग्रेड ९२१.६९ घ मी | १८६४/५० | १६५०/ | १९७७०२ |
| | | १:४ ढुङ्गाको गाह्रो | २०.४७ घ मी | बालवा ९.६२ घ मी | ४३५०/५० | ३८५० | ४८१४ |
| | | | | खानीको ढुङ्गा २२.५१ घ मी | २४८६/ | २२००/ | ६४३९ |
| ४४९।०७६।३।२९ | कार्तिके चरिथुम्का सिपाघाट सडक | ग्राभेल विच्छाई रोलरबाट प्याच गर्ने | ६३५.२५ घ मी | सवग्रेड ६९८.७७ घ मी | १८६४/५० | १६५०/ | १४९८८६ |
| ४६३।०७६।३।२९ | चैनपुर सिंगे एक घर एक धारा खा पा | पि सि सि १:१.५:३ | १८.१७ घ मी | बालुवा ७.७२ घ मि | ४३५०/५० | ३८५० | ३८६३ |
| | | | | गिट्टी १५.६२ घ मि | ३७२९/ | ३३००/ | ६७०० |
| ५१८।०७६।३।३१ | नगरकोट नाल्दुङ गैरीविसौना सिपाघाट सडक | जगमा ढुङ्गा सोलिङ्ग | १५९.७३ घ मी | १७५.७० घ मी | २४८६/ | | ० |
| | | पि सि सि १:२:४ | १२२.८८ घ मी | बालुवा ५४.०६ घ मी | ४३५०/५० | ३८५० | २७०५७ |
| | | | | गिट्टी १०४.४४ घ मी | ३७२९/ | ३३००/ | ४५८५१ |
| ५२४।०७६।३।३१ | नगर स्तरिय गेरुवा खोल्सी खेलकुद मैदान निर्माण | १:६ मसालामा गाह्रो | ५६.२५ घ मी | बालुवा २८.१२ घ मी | ४३५०/५० | ३८५० | १४०७६ |
| | | | | गिट्टी ६१.८७ घ मी | ३७२९/ | ३३००/ | २६५४२ |
| | | | | | | | ९०३४३६ |

४१. **सम्पन्न अवधि :** फेदी बैकल्पिक सडक क्रमागत योजनाको लागि रु.८५,०९,१३३।४० (मु अ कर बाहेक) को लागत अनुमान स्वीकृत गरी ई.विडिङ्गबाट बोलपत्र आह्वान गरेकोमा १२ थान बोलपत्र दाखिला भएको मध्ये सब भन्दा कम कबोल गर्ने श्री पि एस के निर्माण सेवाको कबोल अंक रु.४०६४११०।६५ (मु अ कर समेत) स्वीकृत गरी मिति १७ अप्रिल २०१९ (२०७६।१।४) ठेक्का सम्झौता गरेको छ सम्झौता अनुसार १०० दिन भित्र कार्य सम्पन्न गर्नुपर्ने उल्लेख गरेकोले यो वर्ष भौ ३२४ मिति २०७६।३।१८ बाट पहिलो विलको रु.११,६६,६७८। भुक्तानी गरेको छ । ठेक्काको बाँकी अवधि २६ दिनमा कार्य सम्पन्न हुने अवस्था देखिदैन ।

४२. **कामको अवस्था :** ओखे जलेश्वर एक घर एक धारा खानेपानी आयोजनाको उपभोक्ता समितिबाट सम्पन्न गरेको निर्माण कामको प्राविधिक मुल्यांकनबाट रु.१६३५१४०।७७ मध्ये जनश्रमदानको अंश रु.२५९३७१।८८ कट्टा गरी रु.१२३६५००। भुक्तानी गरेको छ । उपभोक्ता समितिसंग गरेको मिति २०७५।११।१७ को सम्झौता अनुसार प्रति थान रु.३५७८७।३७ पर्ने २ वटा भल्भ च्याम्वर निर्माण नै गरेको देखिदैन ।

४३. **कार्य सम्पन्न :** नगरपालिका क्षेत्र भित्रको विभिन्न आयोजनाहरु मध्ये निम्न आयोजनाहरु यसै वर्ष भित्र सम्पन्न गर्ने गरी उपभोक्ता समितिसंग सम्झौता गरेकोमा उपभोक्ताबाट निर्माण काम

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

तोकिएको अवधिमा सम्पन्न गरेको देखिएन । सम्झौता अनुसार तोकिएको अवधि भित्र कार्य सम्पन्न गराउने तर्फ कार्यालयबाट कुनै कारवाही भएको देखिएन । तसर्थ उपभोक्ता समितिलाई तोकिएको समय भित्र कार्य सम्पन्न गराउने तर्फ कार्यालयले ध्यान दिन पर्दछ । यो वर्ष सम्पन्न नभएका केही आयोजनाहरुको विवरण निम्नानुसार छन् ।

| भौ न मिति | आयोजनाको नाम | सम्भौता रकम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | विल संख्या | हाल भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ३२५/०७६/३/१८ | कुन्ताबेसी बसपार्क सौचालय ढल निर्माण | २१४२९४११९८ | २०७५।१२।३ | २०७६/२/१० | पहिलो | १४०६५४६/ |
| ३३७/०७६/३/१९ | मजुवा भिमटार लिफ्ट सिंचाई योजना | ५६५२०२८/०९ | २०७६/२/६ | २०७६/३/३० | पहिलो | १६३१७७९/ |

४४. **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार कार्यालयले सिभिल तर्फ र सो सगं सम्वन्धित निर्माण काममा र सडक निर्माण कामको लागि छुट्टा छुट्टै दर विश्लेषण गरी लागत अनुमान तयार गर्ने गरेको छ । नर्सरी पौवाटार सालठांटी महाकाली चैनपुर मोटर बाटो निर्माण कामको प्राविधिक मुल्यांकन रु.२१७१४६२।३३ मा उपभोक्ता समितिको जनश्रमदानको अंश कट्टा गरी भौ.न. २३२ मिति २०७६।२।१० बाट रु.१८२००००। भुक्तानी गरेको छ । कार्यालयले सो सडकको लागत अनुमान गर्दा सडक निर्माणको लागि दर विश्लषण गरेको दररेट प्रयोग गर्नुपर्नेमा भवन निर्माणको लागि दर विश्लेषण गरेको दररेट प्रयोग गरी लागत अनुमान गरेकोले निम्न आईटम वाईज काममा वास्तविक दररेट भन्दा बढी दररेटबाट उपभोक्ता समितिलाई भुक्तानी गरेकोले बढी भक्तानी रकम असुल गर्नु पर्ने देखिएको रु.

८१७७२/८८

| कामको विवरण | कामको परिमाण | भुक्तानी दर (सिभिल) | हुनु पर्ने दर (सडक) | बढी भुक्तानी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| जग खन्ने काम | ४२.३२ घ मी | ४९७/४९ | ३५५/३५ | १४२/१२ | ६०१४/५१ |
| ढुङ्गा सोलिङ | २१.०४ घ मी | ४०१८/२० | ३५२७/३४ | ४९०/८६ | १०३२७/६९ |
| पि सि सि १:२:४ | १४.४३ घ मी | १६६५८/०९ | १४६४१/८८ | २०१६/२१ | २९०९३/९१ |
| १:४ ढुङ्गाको गाह्रो | ४१.६४ घ मी | १२०२०/९६ | ११२८१/८८ | ७३९/०८ | ३०७७५/२९ |
| रडको काम | ११७८.२८ के जी | १२३/२२ | ११८/५० | ४/७२ | ५५६१/४८ |
| | | | | जम्मा | ८१७७२/९९ |

४५. **बढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ मा आय व्यय ठिकसँग भएको छ भन्ने कुरामा ध्यान दिनुपर्ने व्यवस्था छ । ढाईटार गुरागाईचोक सवैभ्फाङ वीरधनपाटी पिपलबोट सडक निर्माणको लागत अनुमानमा उपभोक्ता समितिसंग २०७५।११।१९ सम्झौता भएकोले सो कामको प्राविधिक मुल्यांकन रु.२७४४१६८।७८ गरी उपभोक्ता समितिलाई गो.भौ.नं.२३६ मिति २०७६।२।१२ बाट रु.२२७५०००। भुक्तानी गरेको छ । सो सडक निर्माणमा डोजरबाट माटो कटिङको नाप जांच गरेको नापी अनुसार १४६६३.३८ घनमिटर मात्र भएको देखाएकोमा उपभोक्ताको मुल्यांकन विलमा १७०१५.३८ घनमिटर देखाई भुक्तानी गरेकाले बढी परिमाण २३५२ घनमिटर को प्रति रु. ७४।२४ ले हुने रु.१७४६१२।८४ बढी भुक्तानी गरेको असुल गर्नु पर्ने रु.

१७४६१२/८४

४६. **बढी भुक्तानी :** हिगुवापाटी पौवा चण्डेनी कोलाचौर सडकको लागत अनुमान रु.३९५२५७५।३५ स्वीकृत गरी उपभोक्ता समितिले सम्पन्न गरेको निर्माण कामको प्राविधिक मुल्यांकनबाट रु.३९४७८९८।९१ मा उपभोक्ताको जनश्रमदानको अंश कट्टा गरी भौ नं.२६४।२०७६।२।२८ बाट रु.३३,६०,०००। खर्च गरेको छ । बाटो निर्माणको काममा नाप जांचको नापी कितावमा जम्मा माटो कटिङको काम डोजरबाट ४९०६४.६३ घनमिटर भएको मध्ये साधारण माटो कटिङ परिमाण ४७९८१.२४ घनमिटर र नरम चट्टान कटिङ परिमाण १०८३.३९ घनमिटरको भुक्तानी गर्नुपर्नेमा प्राविधिक मूल्याङ्कन विलमा साधारण माटो कटिङ ४७९८१.२४ घनमिटर र नरम चट्टान कटिङ गरेको परिमाण २७६८.४४ घनमिटर देखाई भुक्तानी गरेकोले बास्तविक नरम चट्टानको परिमाण भन्दा १६८५.०५ घनमिटर बढी देखाएको प्रति रु.१३९। का दरले हुने रु.२३४२२१। बढी भुक्तानी गरेको असुल गुर्नपर्ने रु.

२३४२२१/

४७. **प्रमाण :** वडा नं.४ को खानेपानी योजनामा पुर्कोटी टोलको लागि २० मि मि १० के जी प्रेसर भएको १५०० मिटर एच डि पि पाईप खरिद गरेको भनी रु. ५४५११ खर्च गरेकोमा सो पाईप जडान गरेको नापी किताब तथा मुल्यांकन विलमा नदेखिएकोले खरिद पाईप कहां कस्को जिम्मा रहेको छ प्रमाण पेश नभएको समेत रु.

५४५११

४८. **प्रतिस्पर्धाबाट खरिद नगरेको** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा हेभी मसिनहरु प्रयोग गर्न सकिने

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | छैन हेभी मेसिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समिति वा लाभग्रही समुदायसंग भएको सम्झौता रद्द गरिनेछ । उपभोक्ता समितिले प्राप्त गरेको कुनै काम निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसंग भएको सम्झौता रद्द गरिने उल्लेख गरेको छ । उपभोक्ता समितिहरुले ३ कम्पनी संग दररेट लिइ सबभन्दा कम दररेट पेश गर्ने पाथीभरा ड्रिलिङ एण्ड कन्स्ट्रक्सन कम्पनीलाई डिप बोरिङ्गको काम गराएको देखियो । कार्यालयबाट सोही बोरिङ्ग कम्पनीबाट सम्पन्न गरेको कामको प्राविधिक मुल्यांकन गरी उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गर्न नसकिने हेभी मेसिनको प्रयोग गरी गरिने कामको लागि कार्यालयबाटै नियम अनुसार प्रतिस्पर्धा गराई गराउनु पर्नेमा निम्न योजनाहरुको डिप बोरिङ्गको काम उपभोक्ता समितिबाट गराई प्राविधिक मुल्यांकन अनुसार खर्च गरेकोमा देखिएको व्यहोरा निम्न छन् । | |

| भौ न मिति | योजनाको नाम | ड्रिलिङ कम्पनीको नाम | प्राविधिक मुल्यांकन | श्रमदान कटाई भुक्तानी |
|---|---|---|---|---|
| २१५।०७६।२।१ | मकैटार उमादेवी खा पा योजना (पहिलो फेस) | पाथीभरा ड्रिलिङ एण्ड कन्स्ट्रक्सन कम्पनी | १२४३००० | ९१०००० |
| २१६।०७६।२।१ | राम्चे एक घर एक धारा खा पा ६ (पहिलो फेस) | पाथीभरा ड्रिलिङ एण्ड कन्स्ट्रक्सन कम्पनी | १७२८९०० | १३६५००० |
| ४१६।०७६।३।२९ | राम्चे एक घर एक धारा खा पा ६ (दोस्रो फेस) | पाथीभरा ड्रिलिङ एण्ड कन्स्ट्रक्सन कम्पनी | ३७१७५२९.४४ | २९२२९६२ |
| २२०।०७६।२।६ | पौवाटार आंपखोला खा पा (पहिलो फेस) | पाथीभरा ड्रिलिङ एण्ड कन्स्ट्रक्सन कम्पनी | १०७२३७० | ९१०००० |
| | | जम्मा | ७७६१७९९.४४ | ६१०७९६२ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४८.१. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा उल्लेख गरेको आधारबाट लागत अनुमान तयार गर्नुपर्नेमा मकैटार उमादेवी खानेपानी योजनाको लागि १० लाख बजेट विनियोजन भएकोबाट पहिलो फेज कामको लागि रु.१२४३०००। लागत अनुमान स्वीकृत गरेको छ । राम्चे एक घर एक धारा खानेपानी योजनाको लागि १५ लाख बजेट विनियोजन भएकोमा पहिलो फेजको काम गर्न रु.१५३००००। र दोस्रो फेजको कामको लागि कार्यपालिकाको मिति २०७६।२।२३ बसेको बैठकको निर्णय नं ४ मा यस खानेपानी योजनाको लागि रु.३००००००। बजेट स्वीकृत गरेको आधारमा रु.३७२७१७०।०६ लागत अनुमान तयार स्वीकृत गरेको छ । योजनाहरुको लागत अनुमान कुन आधारबाट तयार गरेको हो आधार प्रमाण पेश गर्नुपर्ने देखियो । | |
| ४८.२. | साार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा रनिङ विलको भुक्तानी गर्दा प्राविधिक नाप जांच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्न सकिने उल्लेख गरेको छ । पाथीभरा ड्रिलिङ एण्ड कन्स्ट्रक्सन कम्पनीले पेश गरेको विलको आधारमा प्राविधिक मुल्यांकन भएको छ । तर कार्यालयबाट ड्रिलिङको गहिराई मापन गर्ने कुनै आधार पेश नभएकोले ड्रिलिङ गहिराईको नाप जांच सहितको लगसिट पेश भएन । | |
| ४८.३. | मकैटार उमादेवी खानेपानी योजनाको लागि यो वर्ष ९० मिटर सम्मको डिप बोरिङ भएकोमा ड्रिलिङ कम्पनीले २०० मि मि को ९० मिटर पाईप उपलब्ध गरी बोरिङ गरेको स्थानमा जडान समेत गरी सकेकोले दोस्रो फेजको बांकी काम यो वर्ष संचालन नगरेकोले आगामी वर्ष कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ । | |
| ४८.४. | राम्चे एक घर एक धारा खानेपानी योजनाको पहिलो फेजमा १०० मिटर र दोस्रो फेजमा ७५ मिटर गरी जम्मा १७५ मिटर गहिराईमा ड्रिलिङ गरेको प्राविधिक मुल्यांकन भएको देखियो । आयोजनाको लागि एक मुष्ट लागत अनुमान स्वीकृत गराउनु पर्नेमा बजेट विनियोजनको आधारमा टुका टुका गरी लागत अनुमान तयार गरी पटक पटक दुई फेजमा डिप बोरिङको गहिराई अनुमान गरेको देखिएकोले लागत अनुमानको वास्तविकता एकिन गर्न सकिने आधार भएन । | |
| ४८.५. | नगरपालिका भित्र उपभोक्ता समिति मार्फत डिप बोरिङ्गको काम गर्ने पाथीभरा ड्रिलिङ एण्ड कन्स्ट्रक्सन कम्पनीले एउटै कामलाई फरक फरक दर कबोल गरी काम गरेकोले फरक दरमा कबोल गरी कार्य गर्नुपर्नाको कारण पेश भएन । | |

| आयोजनाको नाम | मोविलाईजेसन र डिमोविलाइजेसन दर | ड्रिलिङ पाइलट होलको काम २५० मिमि ८२०० मिमि डाय विट दर | ड्रिलिङ मिटर |
|---|---|---|---|
| मकैटार उमादेवी खा पम | ५००००। | ६५००। | ९० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | राम्चे एक घर एक धारा खा पा · १५००००। · ८०००। · १७५ | |
| ४९. | **बढी भुक्तानी :** फेदी छिनेको पहिरो ढोडेनी दार्मिटार रिमालटोल ढाइटार सडक निर्माणको लागि रु.२६६३८४३।४७ को लागत अनुमानमा उपभोक्ता समितिबाट निर्माण काम सम्पन्न गरेको प्राविधिक मुल्यांकन रु.२६,३४,२१७।१२ मा जनश्रमदानको अंश कट्टा गरी भौ नं ४६२।२०७६।३।२९ बाट रु.२२,५०,२२१। भुक्तानी गरेको छ । सडक निर्माणको विभिन्न काममध्ये सडकमा लोकल ग्राभेल गर्ने काम बभ्काचौरदेखि ढोडेनीसम्म ७०० मिटर लम्वाई, ३ मिटर चौडाइ र ०.१ मिटर उचाईले जम्मा २१० घनमिटर मात्र हुनेमा उपभोक्ताको मुल्यांकन विलमा २२४ घनमिटरको प्रति रु.१०७३।८८ ले भुक्तानी गरेकोले १४ घनमिटर बढी भुक्तानी गरेको रु.१५०३४। असुल गर्नुपर्ने रु. | १५०३४/ |
| ५०. | **अनुगमन :** नगरपालिका अन्तर्गतका विद्यालयहरुको अनुगमन गर्न भनी २०७५ पौष महिनामाा नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत सम्मका १० जना जनप्रतिनिधि तथा कर्मचारीको दैनिक तथा भ्रमण भत्ता भौ नं ११७ मिति २०७५।११।१५ बाट रु.९९०००। खर्च लेखेको छ । एकै महिनामा मात्र १० जनाले नगरपालिका स्थित विभिन्न विद्यालयहरुको अनुगमन गर्न गएको स्वीकृत भ्रमण आदेश र भ्रमण बिल अनुसार खर्च लेखेकोमा क-कसले कुन कुन विद्यालय अनुगमन गरेको हो र अनुगमन गर्दा देखिएका व्यहोरा सहित अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु. | ९९०००/ |
| ५१. | **जाली खरिद :** शिव शक्ति तार जाली उद्योग बनेपाबाट २८१८१ मेस साईजको १२१ थान जाली खरिद गरेको विल अनुसार भौ नं ४०० मिति २०७६।३।२६ बाट रु.४७१७१८। भुक्तानी गरेकोमा उक्त खरिद परिमाण भन्दा बढी १९५ थान जाली हाल सम्म जिन्सी किताबमा मौज्दात नै देखिएकोले आवश्यक भन्दा बढी परिमाण खरिद गरी मौज्दात .राख्नु पर्नाको कारण स्पष्ट नगरी खर्च गरेको रु. | ४७१७१८/ |
| ५२. | **लागत अनुमान :** तामाङ सांस्कृति पुनर्जागरण भेला तथा प्रशिक्षण मिति २०७५।११। ३,४ र ५ गते संचालनमा खर्च भएको रु.२०००००। नेपाल तामाङ घेदुङलाई भुक्तानी गरेको छ । यस्ता कार्यक्रम संचालन गर्न अर्थ मन्त्रालयले तोकिदिएको नमर्स तथा दररेटको आधारमा कार्यालयबाट लागत अनुमान स्वीकृत गराई मात्र संचालन गर्नु दिनु पर्नेमा लागत अनुमान स्वीकृत नगरी बजेट विनियोजनलाई आधार मानी कार्यक्रम संचालकबाट पेश गरेको खर्च भुक्तानी गरेको देखियो यस तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |
| | **पञ्किरण तथा सामाजिक सुरक्षा :** | |
| ५३. | **सामाजिक सुरक्षा कार्यक्रम :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सचिवहरुलाई प्रथम, दोश्रो र तेश्रो सामाजिक सुरक्षा भत्ता पेश्की दिएकोमा देहायका व्यहोरा देखिएका छन् । | |
| ५३.१. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को दफा २२ बमोजिम र आर्थिक वर्ष २०७४/०७५ बजेट वक्तव्य अनुसार सामाजिक सुरक्षा भत्ता रकम नगरपालिकामा बैंक मार्फत गरिने गाउँपालिकमा बैंकिङ्ग सुविधा भए बैंक मार्फत भत्ता वितरण गरिने व्यवस्था मिलाउने उल्लेख छ । नगरपालिकाको १२ वटा वडाहरुमा वडाका सचिवलाई पेश्की दिदैं भरपाईका आधारमा नगद वितरण गरेको देखिएकोले वितरण प्रणाली भरपर्दो र विश्वसनिय बनाउन बैंकिङ्ग प्रणाली भएका क्षेत्रमा बैंक मार्फत वितरण गर्नुपर्दछ । | |
| ५३.२. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । तर कार्यालयले मूल अभिलेख खाता वडा कार्यालयमा रहेको जनाई लेखापरीक्षणका लागि पेश नगरेको, अन्य विषयका हकमा उमेर पुरा भएपछिवा भत्ता पाउने भएपछि अभिलेखमा फोटो तथा ल्याप्चे नलगाई सोभैै सफ्टवेयर इन्ट्री गरेको, सम्वन्धित वडाबाट नामनामेसी सहित अभिलेख व्यवस्थित गरी सिफारिस सहित कागजात प्राप्त भएपछि MIS मा प्रविष्ट गर्नुपर्नेमा सोभैै गर्ने गरेको, अनुसूची ८ मा थप भएका र हटाएका व्यक्तिको विवरण भरि प्राप्त नभएको केही नामनामेसी सफ्टवेयरबाट सोभैै हटाउने र थप्ने कार्य भएको, वित्तिय सूचना प्रणालीमा | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सामान्य कुरा फरक भएमा समेत भिडान भई नामनामेसी प्रविष्ट गरेको, एउटै नागरिकता नं. भएकाको समेत MIS मा प्रविष्ट भएबाट वित्तिय सूचना प्रणाली भरपर्दो र विश्वसनिय नभएकाले सम्बन्धित निकायले सो प्रणालीमा भत्ता पाउनेको नामनामेसी दोहोरो नपर्ने गरी System बाट नियन्त्रण हुने गरी व्यवस्थित गर्नुपर्दछ । कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता पाउने/नपाउने अभिलेख यकिन नगरेको, पञ्जिकरण अभिलेख (जन्म, मूत्यू, बसाई सराई) व्यवस्थित नभएको, मन्त्रालय/पंजिकरण विभागमा अनुसूची ८ (क) नपठाएको र अभिलेख समेत पेश नगरेबाट भिडान गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>५३.३.</td><td>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा जन्म, मृत्यु, विबाह दर्ता, बसाइसराइको व्यवस्थित अभिलेख राखी सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको अधिलेख MIS सिष्टमा प्रविष्टि गरी बैंकिङ प्रणाली मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भत्ता वितरण गर्दा जन्म, मृत्यु, विवहा दर्ता, बसाइ सराइ आदिको अभिलेखन गर्ने मुल ढड्डा किताब व्यवस्थित र अद्यावधिक गरी राखेको पाइएन । यसले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सम्बन्धित बाट मात्र सामाजिक सुरक्षा बुझ्ने र लागत कट्टा गर्नुपर्ने लाभग्राहीको एकिन पहिचान गर्न नसकिने र एकै व्यक्तिलाई दोहोरो भत्ता वितरण हुने सम्भावना रहन्छ । कार्यालयले सामाजिक सुरक्षा भत्ता लाभग्राहीको नाम नामेसी रहेको बँक खाता मार्फत भुक्तानी गरेको छैन । लाभग्राहीको तथ्यपरक अभिलेखन गरी MIS सिष्टममा प्रविष्टी गरी बैंकिङ प्रणाली माफर्त भुक्तानी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td><u>सशर्त अनुदान शिक्षा तर्फ :</u></td><td></td></tr>
<tr><td>५४.</td><td>तलबी प्रतिवेदन : यस नगरपालिकामा ४१ वटा विद्यालय रहेका छन् । विद्यालयमा कार्यरत शिक्षकका तलब निकासा पश्चात विद्यालयगत लेजर राख्नुपर्नेमा विद्यालयगत लेजर राखेको छैन।</td><td></td></tr>
<tr><td>५५.</td><td>बढी निकासा : कार्यालयले विद्यालयबाट माग भइ आएको माग फारामको आधारमा विद्यालयमा कार्यरत शिक्षक शिक्षिकाको तलब निकाशा दिनुपर्ने उल्लेख छ । डेडी थुम्का उ.मा.वि विद्यालयलाई प्रथम चौमासिक र चाडपर्व खर्च गो.भौ.नं.६३।०७५।६।१८ बाट रु.१४६४२९६ निकाशा दिएको छ । विद्यालयबाट रामचन्द्र लम्सालको रु.४१५४३ निकाशा माग गरेकोमा रु.१६६२६७.२ निकाशा दिएको छ । माग गरे भन्दा बढी निकाशा दिएको छ । त्यसैगरी सुनमायाको विद्यालयबाट माग नभएको अवस्थामा रु.१६०५०० निकाशा दिएको छ । अतः माग वेगर तथा माग भन्दा बढी निकाशा भएको रकम असुल हुनुपर्दछ रु.</td><td>३१५२२४</td></tr>
<tr><td>५६.</td><td>कार्य सम्पन्न र सिफारिस : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा कार्य सम्पन्न प्रतिवेदन बनाउनुपर्ने व्यवस्था छ । नगरपालिकाले निर्देशिकाको व्यवस्थानुरुप भनी निम्नानुसार एकमुष्ट अनुदान उपलब्ध गराएकोमा अनुदान रकमको उपयोग सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्ने रु.
<table>
<tr><th>भौ.नं. मिति</th><th>कामको विवरण</th><th>उपभोक्ता समिति/निर्माण व्यवसायी</th><th>रकम</th></tr>
<tr><td rowspan="2">७९०/०७६/३/९</td><td>द्वारपालेश्वर आ.वि मानेडाँडा</td><td>ICT प्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td>पञ्चकन्या आ.वि झगरेडाँडा</td><td>ICT प्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१३०००००</td></tr>
</table></td><td>१३०००००</td></tr>
<tr><td></td><td>स्वास्थ्य तर्फ शसर्त अनुदान ८०३२६४०६५०१</td><td></td></tr>
<tr><td>५७.</td><td>बढी भुक्तानी : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ मा आय व्यय ठिकसँग भएको छ भन्ने कुरामा ध्यान दिनुपर्ने व्यवस्था छ । सो अनुसार कर्मचारीको तलबी प्रतिवेदन पारित गरी सो को आधारमा एकिन गरी भुक्तानी दिनुपर्नेमा बढी भुक्तानी भएको व्यहोरा निम्न छन् ।</td><td></td></tr>
<tr><td>५७.१.</td><td>कार्यालय सहयोगी ठुलाकान्छा तिवारी, लक्ष्मी डोटेल, शान्ति दिप श्रेष्ठ र रुकु काफ्लेलाई तलब स्केल रु.२२१७० कायम गरी आश्विन महिनाबाट रु.७३९ ग्रेड रकम समेत रु.२२९०९ का दरले भुक्तानी गरिएको छ । २०७४।०७५ को पारित तलबी प्रतिवेदन अनुसार निजहरुको तलब रु.१९८७० र ग्रेड रकम रु.१९८६ समेत रु.२१८५६ रहेको छ । यसरी श्रावण, भाद्रको तलब र चाड पर्व खर्च बापत रु.३१८ का दरले रु.९४२ र आश्विनबाट असाढ सम्म रु.१०५३</td><td>५०३५२</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | का दरले १० महिनाको रु.१०५३० मा कर्मचारी संचितकोष १० प्रतिशत थप हुने रकम समेत प्रति व्यक्ति रु.१२५८८ बढी भुक्तानी भएको देखिन्छ । यसरी निजहरुले पाउने भन्दा बढी भुक्तानी भएको रु.५०३५२ सम्बन्धितहरुबाट असुलउपर गरी संचित कोष दाखिला गर्नुपर्ने रु. | |
| ५७.२. | देहायका कर्मचारीहरुको २०७४।०७५ को जिल्ला स्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोकले पारित गरेको तलबी प्रतिवेदन र रमाना भई आउँदाको रमाना पत्रको तलब रकमलाई आधार मान्दा निम्नानुसारको ग्रेड रकम बढी भुक्तानी भएको पाइयो । यसरी नियमानुसार भन्दा बढी भुक्तानी भएको रकम रु.९९०३३ निजहरुबाट असुल उपर गरी संचित कोष दाखिला गर्नुपर्ने रु. | ८९५५८ |

| क्र.स | कर्मचारीको नाम थर | पाउने ग्रेड रकम | भुक्तानी भएको ग्रेड | वार्षिक क.स.कोष सहित बढी भुक्तानी ग्रेड | ग्रेड वृद्धि हुने महिना | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | अमृता विश्वकर्मा | २०३४ | ३०५१ | १५५६१ | माघ | पौष महिनामै थप |
| २. | सगता सुर्खेती | १७७८ | २२१७ | १०४९४ | कार्तिक | |
| ३. | अम्बिका बराल | ७८३ | १५६६ | ११११९ | कार्तिक | |
| ४. | चन्द्रदेव ठाकुर | ७८३ | १५६६ | ११११९ | कार्तिक | |
| ५. | कुशल सापकोटा | ७८३ | २३४९ | २२२३८ | कार्तिक | |
| ६. | किरण पाण्डेय | ७८३ | १५६६ | १६४४ | कार्तिक | |
| ७. | मेनका देवी पराजुली | २३४९ | ३२३२ | ११११९ | बैशाख | |
| ८. | सर्मिला सुवेदी | ३२३२ | ३९१५ | ६२६४ | | मंसिरबाट भुक्तानी |
| | | | जम्मा | ८९५५८ | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५८. | **पेश्की:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११३ मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्र्यौट गर्नु पर्ने व्यवस्था रहेकोमा देहाय अनुसार फछ्र्यौट गर्न बाँकी पेश्की देखिएकोले उक्त नियम अनुसार असुल फछ्र्यौट गर्नुपर्ने रु. | १२०९७० |

| सि.नं | पेश्की लिएको मिति | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|
| १ | २०७५/६/२५ | कृष्ण बहादुर अधिकारी | ५०००० |
| २ | २०७६/२/१९ | दिपक कुमार घिमिरे | ७०९७० |
| | | जम्मा | १२०९७० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५९. | **बेरुजु तथा संपरिक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२)(घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था गरेको छ । गाउँपालिकाले गत वर्षसम्मको बेरुजूको अद्यावधिक स्थिति सम्बन्धी विवरण उपलब्ध गराएको छैन । बेरुजुको विवरण अद्यावधिक गरी नियमानुसार बेरुजु फछ्र्यौट गर्नुपर्दछ । अद्यावधिक वेरुजुको विवरण पेश नगरेतापनि कार्यालयले गत वर्षसम्मको बेरुजू मध्ये रु.१२९५९२२ फछ्र्यौट गरी लेखापरीक्षण डोरमा सम्परीक्षणको लागि अनुरोध गरेकोमा रु.२९५९२२ मात्र सम्परीक्षण गरिएको छ । | |

| आर्थिक वर्ष | बेरुजु दफा | बेरुजुको संक्षिप्त व्यहोरा | बेरुजु रकम | फछ्र्यौट गरिएको आधार र व्यहोरा | समपरिक्षणको लागि पेश गरिएको रकम | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|---|---|
| ०७४/७५ | २५ | बढी भुक्तानी | २५३९२५६ | दाखिला | २९५९२२ | २९५९२२ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५९.१. | प्रा.स राजन अधिकारीको नाममा रहेको पेश्की रु.१०००००० फछ्र्यौट गरी सम्परीक्षणको लागि अनुरोध गरेकोमा प्रा.स राजन अधिकारीको निवेदन अनुसार रु.१५५०१२५ को बिल भरपाइ पेश गरेको, गत वर्ष विरुवा खरिदको लागि रु.१२७८००० बजेट विनियोजन भएकोमा बजेट भन्दा बढी खर्च र बिल भरपाइ पेश गरेको सम्बन्धमा नगरपालिकाबाट थप बजेट स्वीकृत भएको नदेखिएको, कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानमा विरुवा वितरण गर्ने उल्लेख भएकोमा ५० प्रतिशत बापतको रकम कार्यालयमा जम्मा भएको प्रमाण पेश नभएको, खरिद विरुवाहरु किसानलाई वितरण गरेको भरपाइ सम्म रहेको, खरिद तथा वितरण विरुवाको संख्या खुल्ने गरी जोडजम्मा नगरेको कारण सम्परीक्षणबाट लगत कट्टा हुन नसकेको जानकारी गराइन्छ । | |

**अनुसूची- १**

## मण्डनदेउपुर नगरपालिकाको सञ्चितकोष विवरण
## २०७५।७६

**प्रदेश : बागमती**

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीयतह | जिल्ला | आय | | | | जम्माआय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गतवर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथाअन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्यखर्च | जम्माखर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | मण्डनदेउपुर नगरपालिका | काभ्रेपलाञ्चोक | ९०९८९ | १११९७२ | २९७६७० | २३८१६४ | ६४७००६ | २८९६६१ | १९२३५४ | ७४११५ | ५५६१३० | १८१८६५ |

**अनुसूची– २**

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्यकारोबार)
## २०७५।७६

**(रु.हजारमा)**

| सि.नं. | जिल्ला | स्थानीयतहको नाम | प्रारम्भिक वेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी वेरुजू | | | बाँकी वेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमितगर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | अशुलगर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | काभ्रेपलाञ्चोक | मण्डनदेउपुर नगरपालिका | ६३ | ३४ | २५०५८ | २ | ३ | ३६३४ | ६१ | ३१ | २१४२४ | १९१४ | १२५७० | ६८१९ | ० | ० | १९३८९ | ५० | ७१ | १२१ |

**अनुसूच - ३**

## अद्यावधिक वेरुजू स्थिति

**(रु. हजारमा)**

| क्र. सं. | स्थानीयतह | जिल्ला | गतवर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायमभएको वेरुजू | यो वर्षको वेरुजू | कुलबाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | मण्डनदेउपुर न.पा. | काभ्रेपलाञ्चोक | ३१०४५ | २९५ | ३०७५० | ० | २१४२४ | ५२१७४ |